वर्ष : २०, अंक : १०, काठमाडौं, २०८१ असार १४ गते शुक्रबार, **28 June, 2024, Friday** पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित —————— www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## ठगहरू सामू वर्तमान सरकार लाचार छ : साह



काठमाडौं । काठमाडौंको ताहाचल स्थित वैदेशिक रोजगार विभागको कार्यालय अगाडी निरन्तर नाराजुलुश भईरहेको छ । सरकार र विभागको बिरुद्धमा नाराजुलुश गर्दै विभाग घेराउ गरिए पनि सरकारले नसुने जस्तै गरिरहेको छ । आम जनता पार्टी (आजपा) निकटको आईटी आर्मीले वैदेशिक रोजगारी क्षेत्रका पीडितहरुलाई न्याय दिलाउन माग गर्दै नाराजुलुश सहित धर्ना एवं घेराउ गर्दै आएको छ ।

आईटी आर्मीका अध्यक्ष चन्द्रभुषण साहले सरकारले आफूहरुको माग सम्बोधनमा ढिलाई गरेकाले आज हातमा कालोपट्टी बाँधेर वैदेशिक रोजगार विभाग घेराउ तथा धर्ना दिइएको बताए । चर्को गर्मीका बीचमा वैदेशिक रोजगार क्षेत्रका पीडितलाई न्याय दिनुपर्ने माग सहित निरन्तर आन्दोलन भईरहेको भए पनि सरकारले कानमा तेल हालेर बसेकोमा उनले आपती जनाए ।

'वैदेशिक रोजगारमा गएका लाखौं युवाहरुको माग सम्बोधनका निमित आफूहरुले निरन्तर आन्दोलन गरिरहेको भए पनि सरकारले समस्या समाधानका लागि पहल नगर्दा दुख लागेको छ । तर हामी थाकेका छैनौं, हाम्रो माग सम्बोधन नभएसम्म आन्दोलन जारी रहन्छ' साहले भने, 'हामी हाम्रो मागको बारेमा सरकार र विभागलाई ध्यानाकर्षण गराईसकेका छौं तर पनि सम्बन्धित निकाय कानमा तेल हालेर बसेको छ ।'

आईटी आर्मीले वैदेशिक रोजगारीमा जाने कामदारसँग लिएको अबैध रकम फिर्ता गराउन तथा यस क्षेत्रका विविध समस्याहरु समाधान गर्नुपर्ने माग गर्दै विभाग घेराउ एवं धर्ना दिइएको हो । आफूहरुको माग सम्बोधन नभएसम्म आन्दोलन जारी रहने चेतावनी आन्दोलनकारीको छ ।

# मधेश प्रदेशको आर्थिक समुन्नतिको आधार पर्यटन : मुख्यमन्त्री सिंह




वीरगञ्ज । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मधेश प्रदेशलाई आर्थिक समुन्नतिमा लैजाने मुख्य आधारको रुपमा पर्यटक क्षेत्र रहेको बताएको छ।

पर्यटन विकास कार्यालय वीरगन्जले आयोजना गरिएको सरोकारवालासँगको संवाद कार्यक्रममा मुख्यमन्त्री सिंहले पर्यटन क्षेत्रको विकासले मात्रै मधेश प्रदेशको आर्थिक तथा सामाजिक रुपमा कायापलट हुने बताए ।

"मधेश प्रदेशलाई माथि उकास्ने भनेको नै पर्यटन क्षेत्रले हो," उनले भने,"पर्यटन एउटा यस्तो माध्यम हो जुन तत्काले भित्र्याउन सकियो भने मधेश प्रदेशको समग्र आर्थिकस्तर सुधार्न सकिन्छ ।"

मुख्यमन्त्री सिंहले मधेश प्रदेश सरकारको एकल प्रयासले मात्रै मधेशमा पर्यटनको विकास गर्न सम्भव नभएको जनाउँदै मधेश प्रदेशको विकासका लागि सरोकारवाला सबै निकायले हातेमालो गरेर अघि बढ्न जरुरी रहेको भने ।

"मधेश प्रदेशका ऐतिहासिक मठमन्दिर, धार्मिकस्थल छिमेकीमूलुक भारत लगायतका धेरै मुलुकमा प्रख्यात रहेको छ," उहाँले भन्नुभयो,"धार्मिक पर्यटक पूजा गरेर सोही दिन फर्किहाल्ने जुन बाध्यात्मक स्थिति छ ।

भारतीय पर्यटकहरुका लागि सुविधा सम्पन्न बस्ने र खाने ठाउँ नहुँदा पनि पर्यटकको बसाइ चाहेर पनि लम्बाउन सकिरहेका छैनौं ।"

मुख्यमन्त्री सिंहले मधेश प्रदेशमा पर्यटकका लागि आवश्यक पूर्वाधार निर्माण गर्न निजी क्षेत्रलाई पनि आह्वान गरेको छ ।

"मधेश प्रदेश सरकारले पर्यटनसँग सम्बन्धित सबै कुरा पूरा गरिदिन सक्ने अवस्थामा पनि छैन । त्यसैले प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्र सबै हातेमालो गरेर पर्यटन क्षेत्रको विकासमा अघि बढ्नुपर्ने आवश्यकता भइसकेको छ," मुख्यमन्त्री सिंहले भने, "हाम्रा आवश्यकता र चाहना असिमित रहेका छन् । त्यसैले प्रदेशले मात्रै सबै खालको बजेट उपलब्ध गराउन नसक्ने भएकाले पनि सार्वजनिक निजी साझेदारी लगायतका मोडलमा पर्यटन क्षेत्रको विकास गर्न आवश्यक रहेको छ ।"

## लुम्बिनीमा अन्तर्राष्ट्रिय योग दिवस उत्सव



काठमाडौं । नेपालस्थित भारतीय राजदूतावासले लुम्बिनी विकास कोषसँगको सहकार्यमा भगवान् बुद्धको पूज्य जन्मस्थल र युनेस्को विश्व सम्पदा क्षेत्र लुम्बिनीमा एक बृहत् योग प्रदर्शनको आयोजना गरेको छ । यस वर्षको अन्तर्राष्ट्रिय योग दिवसको विषय (थिम) 'स्वयम् र समाजका लागि योग' रहेको छ ।

लुम्बिनीका मुख्यमन्त्री जोख बहादुर महरा कार्यक्रममा प्रमुख अतिथिको रुपमा उपस्थित थिए । उनले भगवान् बुद्धको पवित्र जन्मस्थलमा यस्तो महत्वपूर्ण कार्यक्रम आयोजना गरेकोमा र भारत-नेपाल साँस्कृतिक सम्बन्धलाई बलियो बनाएकोमा भारतीय राजदूतावासलाई धन्यवाद दिए ।

## अबको हाम्रो एक मात्र लक्ष्य मिसन २०८४ हो : मन्त्री चौधरी



इटहरी । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरीले अबको लक्ष्य मिसन २०८४ नै भएको बताएका छन् । नेकपा एमालेका केन्द्रीय सदस्य समेत रहेकी मन्त्री चौधरीले नेकपा एमाले इटहरी नगर कमिटीको नवौं नगर अधिवेशनलाई सम्बोधन गर्दै त्यस्तो बताएकी हुन् ।

सम्पूर्ण पार्टी पङ्क्ति मिसन ८४ मा केन्द्रित हुनुपर्ने भन्दै उनले भनिन्, 'राष्ट्रियताको मिसन बोक्दै, राष्ट्र बनाउने मिसन लिएर अगाडि बढेको पार्टी नेकपा एमाले हो । पार्टीलाई एक नम्बरको बनाउनका निम्ति अबको हाम्रो यात्रा मिसन ०८४ हो । अब हामी सबै मिसन ८४ को लक्ष्यमा केन्द्रित हुनुपर्छ ।'

पार्टीको नीतिलाई बोक्ने नेतृत्व स्थापित हुँदै जाने भन्दै उनले विकासको सपना बोक्ने पार्टी एमाले नै भएको दाबी गरिन् । उनले विकासको मूल फुटाउनका निम्ति पनि एमालेले जित्न आवश्यक रहेको बताइन् ।

'हामी नेकपा एमाले हौं । हामी सबैको एउटै आँगन हो । हामीले राज्यसत्तालाई टिकाउ र स्थायी सरकार दिनका लागि । विकासको मूल फुटाउनका लागि कम्तीमा पनि दुई पटकसम्म एमाले नेतृत्वमा आउनुपर्छ,' उनले भनिन्, 'एमालेले सरकारको नेतृत्व गर्ने अवस्था आएमा जनताका आशा अपेक्षा पुरा हुन सक्छन् । अब हामी कम्तीमा ५१ प्रतिशत जित्ने गरी स्थानीय, प्रदेश र संघमा जित्ने गरी अहिलेदेखि नै लाग्नुपर्छ । हाम्रो भोलीको लक्ष्य दुई तिहाइ हो । तर अहिलेदेखि नै हामीले बढीभन्दा बढी जित्नका लागि लाग्नुपर्छ ।'

पार्टीभित्र कसैलाई पनि निषेध गर्नेगरी जान नहुने भन्दै मन्त्री चौधरीले पार्टीभित्रको आन्तरिक समस्या बसेर समाधान गर्नुपर्ने बताइन् । एउटै आँगन, एउटै क्षेत्र, एकै ठाउँ जाने भएकाले अधिवेशनले मिसन २०८४ लाई सहयोग गर्ने उनको विश्वास थियो ।

नेकपा एमाले इटहरी नगरका कार्यवाहक अध्यक्ष रूपेश बस्नेतको अध्यक्षता तथा नेकपा एमाले स्थायी कमिटी सदस्य तथा सुनसरी जिल्ला इन्चार्ज, कोशी प्रदेशका पूर्व मुख्यमन्त्री शेरधन राईको प्रमुख आतिथ्यमा सुरु भएको अधिवेशनले नयाँ नेतृत्व चयन गर्नेछ ।

## 'दलित समुदायका पत्रकारहरुले पनि विभेदको सामना गर्न परिरहेको छ'

जनकपुरधाम । राष्ट्रिय दलित पत्रकार संघ नेपालका केन्द्रीय उपाध्यक्ष भोला पासवानले पत्रकारिता क्षेत्रमा पनि समाजिक प्रभाव कायम रहेकोले दलित समुदायका पत्रकारहरुले विभेदको सामना गर्नु परिरहेको बताएका छन् ।

मंगलबार राष्ट्रिय दलित पत्रकार संघ नेपाल धनुषाको दोस्रो जिल्ला अधिवेशनमा प्रमुख अथितिको आसनबाट बोल्दै उपाध्यक्ष पासवानले सो कुरा बताएका हुन् ।

पत्रकार महासँघले सदस्यता वितरण गर्दा दलित र महिलालाई प्राथमिकता दिएको भएपनि नयाँ सदस्यता वितरण र नवीकरणमा जिल्ला, प्रदेश र केन्द्रले विभेद गरिरहेको बताउँदै उपाध्यक्ष पासवानले दलित समुदायका पत्रकारहरुले सशक्त रुपमा प्रतिरोध गर्नुपर्ने बताए ।

राष्ट्रिय दलित पत्रकार संघ नेपालले देशभरि महासंघका सदस्यता नवीकरण र शुद्धिकरणका नाममा दलित समुदायका पत्रकारमाथि गरिएको विभेदबारे अध्ययन गरेर सुझाव दिएको बताए । पत्रकारिता क्षेत्रमा समेत दलित समुदायका पत्रकारहरुले अवसर पाउन सवालमा विभेदको सामना गर्नु परिरहेको छ ।

आम संचार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादवले दलित समुदायका पत्रकारहरुलाई छात्रवृत्ति, पत्रकारितालगायतका अवसरमा प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

दलित समुदायका पत्रकारहरुले मिसन पत्रकारिता गर्नुपर्ने बताउँदै यादवले भने, 'पत्रकारिता पेशामा दलित समुदायललाई टिक्न मुश्किल छ ।'

## 'खुला सीमा सुमधुर सम्बन्धको सेतु'



वीरगन्ज । खुला सीमा नेपाल-भारतबीचको सुमधुर सम्बन्धको सेतु रहेको एक कार्यक्रमका वक्ताहरुले बताएका छन् । नेपाल-भारत खुला सीमा सम्वाद समूह, पर्साको आयोजनामा वीरगन्जमा बुधबार "खुला सिमा-सुमधुर सम्बन्धको सेतु" विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

नेपाल-भारत खुला सीमा सम्वाद समूहका राष्ट्रिय अध्यक्ष डा.राजीव झाको अध्यक्षतामा भएको अन्तरक्रिया कार्यक्रममा दुवै देशका अगुवाहरुको उपस्थिति रहेको थियो ।

समुहका राष्ट्रिय अध्यक्ष डा. झाले इपीजी रिपोर्ट बनाउने समिति समावेशी नभएको र नेपाल-भारत सीमा सम्बन्धि ज्ञान नभएका व्यक्तिहरुले बनाएकोले नमान्ने बताएका छन् । उनले वर्ल्ड ग्लोबलाइजेसन तर्फ अग्रसर भैरहेको बेला सीमामा तारबार लगाउने कुरा असान्दर्भिक र हास्यासपद रहेको बताएका हुन् ।

यस्तै, अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय मुक्ति क्रान्तिका नेता केशव झाले दुई देशबीच बहुआयामिक सम्बन्ध रहेको बताए । 'नेपाल र भारतको आधुनिक सीमा र नाम राखिनु अघिदेखि नै जनता-जनताबीच सम्बन्ध कायम थियो ।,' उनले भने, 'नेपाल र भारतको सम्बन्ध दिल्ली र काठमाडौंको नियम कानुनले मात्रै चल्न सक्दैन, किनकि यहाँ बहुआयामिक सम्बन्ध छ । खुला सीमा अवसर हो दुवै देशको लागि र यहाँका जनता रक्षक हुन् ।'

त्यस्तै, कार्यक्रमका अर्का वक्ता वरिष्ठ पत्रकार चन्द्रकिशोरले सीमा सुरक्षाको नाममा मधेशमा सैनिकिकरण भैरहेको बताएका छन् । उनले सीमा क्षेत्रमा रहेका जनताहरुको भावना अनुरुप नियम कानुन बनाउनु पर्ने बताए ।

अर्का वक्ता भारत रक्सौलका समाजसेवी महेश अग्रवालले खुला सीमा दुबै देशका जनताको आवश्यकता रहेको बताए । यसैगरी, प्रदेश सदस्य श्याम पटेलले सरकारले चाहदैमा बोर्डरमा तारबार लगाउन नमिल्ने जिकिर गरे ।

यस्तै, प्राध्यापक डा. प्रमोद कुमार कुशवाहाले हाम्रो शिक्षा प्रणाली नै ठीक नभएकोले सीमा सम्बन्धि जानतामा भ्रम रहेको बताएका थिए ।

कार्यक्रममा डा. घनश्याम ठाकुर, नेजामुदिन समानी, कृष्णा पटेल, रम्भा मिश्रा, शिव पटेल, शिपु तिवारी, देवेन्द्र मिश्र, अशोक वैद्य, भारतीय महावाणिज्यदूतावासका शशि भुषण, अनिरुद्ध सिंह कल्वार लगायत समाजका अगुवा, बुद्धिजीवी, प्राध्यापक, अधिवक्ता, पत्रकार, राजनीतिकर्मीको विषेश उपस्थिति रहेको थियो ।

## सम्पादकीय

### लोकतन्त्रमाथि खतरा किन ?

लोकतन्त्र, समानता र स्वतन्त्रता दुईवटा महत्वपूर्ण पक्ष हो । संविधान र कानुनमा सबै बराबर छन् भनेर लेखेर समानता हुँदैन । अधिकार र अवसरमा हुनुपर्छ । अहिले अवसर प्राप्त भएको ब्युरोक्रेसीदेखि अन्य क्षेत्रहरूमा हेर्ने हो भने नेपालको दुई तिहाई जनसंख्या भएको समुदायले ३/४% प्रतिशत मात्र प्रतिनिधित्व पाउँछ । त्यसलाई समानता कसरी भन्ने ? महिला, मधेशी, दलित, जनजातिको उपस्थिति एकदमै न्यून भएको अवस्थालाई समानता भन्न सकिंदैन । अवसरमा समानता भएन भने अधिकारमा समानता छ भनेर कागजमा लेखेर भातृत्व कसरी पैदा हुन्छ ? सम्पन्नता र विपन्नताबीचको भातृत्व धेरै कठिन कुरा हो । कार्ल मार्क्सले वर्ग संघर्षको कुरा गरे तर हाम्रो समाजमा वर्ग संघर्ष छँदैछ । एउटा उच्च समुदायको दलितको र एउटा पछाडि पारिएको समुदायका दलितबीचको स्तर कहाँ मिल्छ र ? नेपालको सबैभन्दा धनी व्यक्तिको घरमा जाँदा त्यो घरमा बुहारीको स्थान धेरै तल हुन्छ त्यहाँ समानता हुँदैन । खासगरी वर्णमा आधारित ब्राहमण, क्षेत्री, वैश्य, सुद्र भनी गरिएको विभाजन छ । त्यसमा सुद्रहरूले भोगेको दुर्दशा र उत्पीडनहरू चरम सीमामा छ । त्यो पश्चिमी दुनियाँले अनुभूति नै गर्न पाएनन् । पूर्वीय दुनियाँ र पश्चिमी दुनियाँमा धेरै फरकपना छन् । जातिका आधारमा हुने विभेद र असमानताहरू, वर्णमा आधारित समाजले उत्पन्न गरेको हो जसमा सबभन्दा प्रताडीत दलित, महिला लगायतका छन् । त्यो प्रथा र वर्णले गर्दा भइरहेको हुने खाने र हुँदा खानेबीचको अन्तरलाई अन्त्य नगरेसम्म समानता कहाँबाट हुन्छ ? र त्यसको अन्त्य नगरेसम्म समाजवाद पनि हुन सक्दैन । जातीय आधारमा, वर्गीय आधारमा हुने शोषणा, उत्पीडन र लैगिंक असमानता र विभेदलाई अन्त्य गरी त्यस सँगसँगै सबैलाई बराबरी अधिकार भएको समान अवसर प्राप्त भएको लोकतन्त्र नै समावेशी लोकतन्त्र हो । समाजवादमा समानता सँगसँगै सम्पन्नता पनि चाहिन्छ । गरिबहरूको बीचमा हुने असमानताले समाजवाद ल्याउँदैन । जातीय, वर्गीय र लैगिंक असमानता अन्त्य भएको समाज निर्माण गर्नु नै वास्तवमा समाजवादी हो । यस दिशा तर्फ जानका लागि संघीयतालाई संस्थागत गर्नु आवश्यक छ । संघीयता संविधानमा त लेखियो तर संघीयताको गुणहरूलाई संविधानले समेट्न सकेन । पञ्चायत कालमा निर्दलीय प्रजातन्त्र भने झै अहिले संघीयता भन्ने तर त्यसमा पहिचान, प्रादेशिक स्वायत्तता, समानतालाई हटाइदिने ? यो संघीयतालाई कसरी समृद्ध बनाउने त्यसको लागि अहिलेको संविधानलाई संशोधन गर्नुपर्ने छ ।

## 'सरकारी अस्पतालमा औषधि हुँदैन, सर्वसधारणले बेड नपाउने समस्याको समाधान कहिले हुन्छ सरकार ?'

काठमाडौं । आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले सरकारसँग गरिबी निवारण गर्ने योजना नै नभएको टिप्पणी गरेका छन् । बिहिबार बसेको प्रतिनिधिसभाको बैठकमा बजेटमाथिको मन्त्रालयगत छलफलमा सांसद साहले यस्तो आरोप लगाएका हुन् ।

'गरिबी निवारण मन्त्रालय छ । गरिबी निवारण गर्ने योजना खै ? उद्योग मन्त्रालयको बजेटमा रोजगारी सिर्जना गर्ने कुरा खै ?' उनले प्रश्न गरे । अध्यक्ष साहले सहकारी पीडितले न्याय पाउँछन कि पाउँदैनन् भनेर प्रश्न गर्दै भने, 'सहकारी पीडितले न्याय पाउँछन् कि पाउँदैनन् ? अनि सहकारी ठगलाई कारबाही हुन्छ कि हुँदैन् ?'

सो क्रममा उनले जनतालाई सुलभ स्वास्थ्य सेवाको व्यवस्था गरिनुपर्ने कुरा उठाए । राज्यको लगानीमा चिकित्सा शिक्षा अध्ययन गरेका डाक्टरहरु विदेश पलायनमा लागेको र भएका चिकित्सिकहरुपनि ८० प्रतिशतभन्दा बढि शहरकेन्द्रित भएको उनको टिप्पणी छ । प्रत्येक गाउँपालिकामा सुविधासम्पन्न अस्पताल खोल्ने भनिएपनि अहिलेसम्म त्यो कार्यान्वयन नभएकोमा साहको गुनासो थियो ।

'सरकारी अस्पतालमा औषधि हुँदैन । भएपनि सस्तो औषधि र कम औषधि मात्रै हुन्छन् । साहले भने, 'नजिकै निजी संस्था हुन्छ । त्यहाँ सबै औषधि पाइन्छ । सरकारी अस्पतालमा बेड पाइँदैन । निजी अस्पतालमा मनोमानी छ ।'

स्वास्थ्य बीमाको प्रभावकारिताका विषयमा पनि उनले प्रश्न उठाए । 'स्वास्थ्य बीमा लिन हैरानी छ । स्वास्थ्य बीमा मजाक बनेको छ' साहले भने । नेपालका चिकित्सकहरु विदेश जाने फेसन भएको भन्दै उनले थपे, 'नेपालको दानापानीले पढ्ने र विदेशीको सेवा गर्ने । यसलाई नियमन गर्न नसक्ने हो र ?'

भएका चिकित्सकहरु पनि शहर केन्द्रित हुँदा ग्रामीण भेगका अस्पतालमा बिरामीले उपचार पाउन नसक्ने अवस्था रहेको भन्दै उनले सरकारको ध्यानाकर्षण गरे ।

यसैबीच आजपा अध्यक्ष साहले गणतन्त्र दिवस, २०८१ का अवसरमा राष्ट्रिय समाचार समिति (रासस) द्वारा आयोजित 'गणतन्त्रका उपलब्धि : समृद्धिका लागि पूर्वाधार' शीर्षकको तस्बिर प्रदर्शनीको आज अवलोकन गरेका छन् । उनले विश्वमै अभ्यास रहेका व्यवस्थामध्ये गणतन्त्र उत्कृष्ट शासन व्यवस्था भएको दाबीसमेत गरे । 'गणतन्त्रलाई विभिन्न कोणबाट बदनाम गर्ने प्रयास भइरहेकोप्रति परिवर्तनकारी शक्तिहरू सचेत रहनुपर्दछ' उनले भने ।

गणतन्त्रको उपलब्धिलाई संस्थागत गर्दै समृद्धिको गतिलाई तीव्रता दिनुपर्ने बताउँदै उनले मुलुकमा समृद्धिका लागि सुशासन अपरिहार्य भएको जनाउँदै केही असफल नेतृत्वका कारण गणतन्त्र कमजोर बन्न हुँदैन भने । 'गणतन्त्र सुन्दर व्यवस्था भए पनि सञ्चालकले यसलाई ठिक मार्गबाट अघि बढाउन नसक्दा जनताले जति लाभ प्राप्त गर्नुपर्ने थियो, त्यो हुन नसकेको कारण आम जनतामा केही निराशा बढेको छ', उनले भने ।

# सप्तरीमा दलित परिवारमाथि सांघातिक आक्रमण

काठमाडौं । सप्तरीमा भएको दलित परिवारमाथि यादव समूहको सांघातिक आक्रमणको बचाउमा जनमत पार्टीका मधेश प्रदेश संसदिय दलका नेता महेश यादव लागेको परिवारले आरोप लगाएको छ ।
आईतबार क्रान्तिकारी दलित राजनीतिक संगठनले काठमाडौंको संवाद डबलीमा आयोजना गरेको कार्यक्रममा दलित संगठनलेसमेत सो कुराको दाबि गरेका छन् ।
पीडित रञ्जित कुमार पासवानले हरिसुदन यादबको नेतृत्वमा १०-१२ जनाको हतियारधारी समुहले आक्रमण गरेर आफूसहित छ जनाको परिवारलाई गम्भिर घाईते बनाएको बताएका छन् । ठाउकोमा १४ टाँका लगाएर पत्रकार सम्मेलनमा उपस्थित भएका पासवानले प्रश्न गरे,"हामी दलितको कोखबाट जन्मनु अपराध हो सरकार, हामी गरिब र होचा निमुखाको कहिल्यै दिन आउँदैन ।"
अक्रमण भएलगत्तै प्रहरीकहाँ पुग्दा पनि उसले कुनै प्रतिक्रिया नदिएको बताउँदै ९ दिनसम्म जाहेरी नलिएको र उल्टै आफूरुलाई फसाउन जनमत पार्टी नेता महेस यादब लागेको पासवानले आरोप लगाए । पासवानले न्यायका लागि काठमाडौं पुगेर हल्ला गरे थप आक्रमण गर्ने धम्कि आउन थालेको पत्रकार सम्मेलनमा बताए ।
आक्रमण गरेर उल्टै अफूहरुलाई नै जाहेरी दिएर फसाउने योजना बनाएकोले न्यायका निम्ति काठमाडौं आएको बताउँदै भने,"प्रहरी,सिडियोदेखि सबै यादब समुहको मुद्धा लिन्छन् तर हामी पीडितको कुरो सुन्दैनन्, अनि के गर्ने ?"
एकीकृत दलित मुक्ति मोर्चा नेपालका संयोजक दर्शन कुमार नेपालीले सप्तरीमा दलित पासवान परिवार माथि सांघातिक आक्रमण गर्ने यादव समुहमाथि हदैसम्मको कारबाही गर्न माग गरेका छन् । संयोजक नेपालीले




घरेलु हातहातियार प्रयोग गरेर घाईते पीडितहरु प्रहरीकहाँ जाँदा उजुरी नलिनु पनि घोर पराधभएको जिकिर गर्दै भने,"सिडियो साब र प्रहरी प्रमुख ज्यूहरु तपाईहरु पीडकको पक्षमा कि पीडितको पक्षमा हो ।"
संयोजक नेपालीले जनतमत पार्टी मात्रै नभएर ठूला भनिएका पार्टीहरुले पनि दलित समुदायमाथि अन्याय गरेको आरोप लगाउँदै प्रश्न गरे,"के नेपाली काँग्रेस जन्मजात अपराधीको संरक्षक हो, के एमाले बलत्कारी र हत्यारको अभिभवक हो, के माओवादी सत्तामा रहेर अपराधी सरक्षण गर्ने ठेकेदार हो ?" निरन्तर दलित समुदयमाथि अन्याय हुँदा सबै चुप लागेर न्याय नदिनु ठूलो अपराध भएको नेपालीको जिकिर छ ।जिल्ला प्रहरी प्रमुख, सिडियो जागीर जोगाउनको लागि पीडकको पछि लाग्नु भन्दा खाडी, यूरोप,अमेरीका जान सुझाव समेत नेपालीले दिए ।
नेपाल राष्ट्रिय दलित केन्द्रका अध्यक्ष उपेन्द्र कुमार छटुन्जेलले पीडित पासवान परिवारलाई यादव समुहले घरेलु हातहतियारको प्रयोग गरिसांघातिक आक्रमण गरि गम्भिर घाईते बनाईको बताए । कानुनी राज भनिएको देशमा दलितमाथि अझै पनि पासविक व्यवहार भएको आरोप लगाउँदै भने,"९ दिनसम्म पनि प्रहरी प्रशासनले उजुरी लिदैन, बरु पावर र पहुँचको बलमा 'होचाको मुखमा घोचो' भने जस्तैः उल्टै पीडितलाई नै फसाउने षड्यन्त्र भएको छ, के यो देशमा कानुन छ त ?"
नेपाल राष्ट्रिय दलित केन्द्रका महासचिव राजकुमार पासमानलेजनमत पार्टी मधेश प्रदेशको संसदिय दलको नेता महेस यादवको दबाबमा ९ दिनदेखि जाहेरी दर्ता गर्न नदिएको आरोप लगाउँदै भने,"महेश जीको पावरमा उल्टै घाईतेहरुलाई फसाउन आक्रमणकारीहरुले जाहेरी दर्ता गरेकोप्रति आक्रोष व्यक्त गरे ।" पासमानले पीडित परिवारका ६ जना मध्ये ४ जना गम्भिर घाईते भएको र उनिहरुको आर्थिक अवस्था कमजोर भएको कारण उपचारको व्यवस्था पनि नभएको बताए ।
मधेशमा नेता यादबको दबदबाहट भएकोले पीडितले न्याय नपाउने निश्चित भएकोले केन्द्र सरकारले हस्तक्षेप गरेर पीडकलाई हदैसम्मको कारबाही गर्न माग गर्दै पासमानले भने,"दलित र गरिबको पक्षमा लड्ने प्रचण्ड सरकारले पीडितको सुरक्षा, क्षतिपूर्ति र उपचारको व्यवस्था गर्नुपर्छ ।"
संयुक्त दलित अधिकार मञ्च-नेपालका कार्यबहाक संयोजक सुजन साहशंकरले जात व्यवस्थाको आवरणमा निरन्तर नेपाली समाजमाजमा घटना घटिरहेको बताउँदै भने,"जबसम्म समाजमा जात व्यवस्था रहिरहन्छ तबसम्म दलित समुदायले पीडा खेपिरहनु पर्छ, जुन दुर्भाग्य हो ।"
उक्त पत्रकार सम्मेलनमा जात व्यवस्था उन्मुलन मोर्चा नेपालकी अध्यक्ष मण्डल
सदस्य शान्ति गजमेरले पीडितमाथि भएको आक्रमणको घोर भर्त्सना गर्दै पीडकलाई हदैसम्मको कारबाही र क्षतिपूर्तिको माग गरेकी छन् ।

**के हो सप्तरीमा पासमान परिवारमाथि सांघातिक आक्रमणको घटना?**

सप्तरी जिल्ला डाक्नेश्वरी नगरपालिका वडा न ६ फत्तेपुर टोलमा २०८१ असार १ गते दिउँसो २ बजेको समयमा पृतम पासवान परिवार वसिरहेको स्थानबाट विस्थापन गर्ने योजना सहित पूर्व क्षेत्रपाल हरिसुद यादब समुहले घरेलु हातहतियार प्रयोग गरेर अक्रमण गरेको थियो ।
करिब २० वर्षदेखि सो ठाउँमा बस्दै आएको पासवान परिवारलाईहरि सुदन यादव रोशन यादव,निरज यादव,राम यादव,विवेक यादव,ऋषि यादव,रोहित यादव लगायत ११/१२ जनाको समुहले खुकुरी, लाठी,चिरपट, हँसिया, फलामका रड लगायत घरेलु हतियार सहित आई घरमा बसिरहेका प्रितम पास्मान,मुसनी देवी पासमान, रञ्जित पासवान,सरिता देवि पासमान,रितु पासमान,राखि पासमान,लगायतलाई एक्कासि अन्धाधुन्ध ज्यानै लिनेगरि कुटपिट गरि घरसमेत भत्काइएको थियो । सो लगत्तै प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यलय सप्तरी पुगेका पासमान परिवारको ९ दिनसम्म उजुरी लिएको छैन ।
सो ६ जना परिवार मध्यै ४ जनाको अवस्था गम्भिर रहेको र उनिहरुको उपचारका लागि राजविराज लगिएको बताईको छ ।

# कोशी प्रदेशस्तरीय सुरक्षा गोष्ठी सम्पन्न

मोरङ । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीको प्रमुख आतिथ्यमा सोमबार आयोजित कार्यक्रमबीच दुई दिवसीय कोशी प्रदेशस्तरीय सुरक्षा गोष्ठी,२०८१ मोरङको विराटनगरमा सम्पन्न भएको छ ।
नेपाल सरकार गृहमन्त्रालय र कोशी प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयको संयुक्त आयोजनामा विद्यमान सुरक्षा अवस्था, समस्या तथा चुनौति र आगामी कार्यभार लगायतका विषयमा उक्त गोष्ठी आइतबारबाट शुरू भएको थियो ।
कार्यक्रममा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले समाजमा सुशासन, समृद्धि र अमन चयन कायम गर्नको लागि गोष्ठीले महत्वपूर्ण भूमिका निर्वाह गर्ने उल्लेख गरेका छन् ।
सीमा क्षेत्रमा हुने अवैध ओसारपसार, भन्सार छलि, राजस्व चुहावट जस्ता गतिविधि नियन्त्रण गर्न सबै जिम्मवार निकायहरूले आ-आफ्नो स्थानबाट सक्रिय रूपमा जिम्मेवारी निर्वाह गर्नुपर्नेमा उनले जोड दिए । वर्दी लगाएको प्रहरी जहाँ उभिन्छ त्यहाँ सरकारको प्रतिनिधित्व भइरहेको हुने चर्चा गर्दै उनले नागरिकलाई समस्या परेको बेला सबै भन्दा पहिला प्रहरी समक्ष पुग्ने र उनीहरूको गुनासो सुनुवाई प्रहरीले गर्नुपर्ने बताए । लागू पदार्थ दुर्व्यसन तथा कारोबार नियन्त्रणमा विशेष अभियान, सचेतानमूलक कार्यक्रम संचालन गर्नुपर्ने बताए ।
सो अवसरमा गृह सचिव एकनारायण अर्यालले गोष्ठीमा भएको प्रस्तुतीकरण एवम् छलफलले एक आपसमा भएका असल अभ्यासको आदान प्रदानमा महत्वपूर्ण भूमिका निर्वाह भएको उल्लेख गरे । प्रदेशमा देखिएका सुरक्षा चुनौतिको निराकरण र समाधान गर्न जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरूले आफ्नो अधिकारको प्रयोग गर्न कुनै बाधा व्यावधान नपर्ने उनले बताए ।
मानब बेचबिखन, लागूऔषध ओसारपसार जस्ता गतिविधि नियन्त्रणमा सबै सरोकारवाला निकायहरूले मन, वचन र कर्मले काम गर्नुपर्नेमा उनले जोड दिए । राष्ट्र सेवक कर्मचारीले सेवाग्राहीको समस्या, गुनासोलाई सुनुवाई गरी समयमै सामाधान गर्न समेत उनले निर्देशन दिए ।
उक्त अवसरमा कोशी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्री लिला बल्लभ अधिकारी र कोशी प्रदेशका प्रमुख सचिव केदारनाथ शर्माले आ-आफ्नो विचार व्यक्त गरे ।
गोष्ठीमा प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले राज्यको आर्थिक, सामाजिक सुशासन, भौतिक पूर्वाधार र साँस्कृतिक विकास एवम् समृद्धिका निम्ति महत्वपूर्ण एवम् आधारभूत क्षेत्रको रूपमा रहेको सुरक्षा क्षेत्रलाई सक्षम, अब्बल र व्यावसायिक रूपमा विकसित गर्दै लैजान आवश्यक रहेको बताए ।
केन्द्रीय र प्रदेश स्तरबाट प्रभावकारी एवम् कुशल समन्वय र सहकार्य गरी कोशी प्रदेशको शान्ति सुरक्षा थप मजबुत बनाई व्यावसायिक तथा सक्षम प्रहरी सेवा प्रवाह गराउन र कानूनको निष्पक्ष कार्यान्वयन गरी विकासमैत्री वातावरण सृजना गर्न प्रतिबद्ध रहेको उनले उल्लेख गरे ।
प्रहरी महानिरीक्षक कुँवरले कानूनी राज्यको सुनिश्चित तता गर्न प्रहरी सेवा अपरिहार्य रहेको चर्चा गर्दै विद्यमान कानूनी क्षेत्रहरूमा समयानुकूल परिमार्जन गर्दै लैजान र प्रहरीलाई कानूनी अधिकारहरूले सुसज्जित गर्न समय सान्दर्भिक रहने बताए । विधिको शासनलाई अझ सशक्त बनाउने, आम नागरिकलाई न्यायको प्रत्याभूति दिलाउने, राज्यले प्रदत्त गर्ने सेवाहरूमा सबैको पहुँच सुनिश्चि त गर्ने एवम् देश र समाजको दिगो विकास प्राप्तिमा नेपाल प्रहरी सदैव कटिवद्ध रहेको उनले उल्लेख गरे ।
गोष्ठीबाट प्राप्त निर्देशनलाई अक्षरस पालना गर्दै समग्र प्रदेशमा शान्ति सुव्यवस्था कायम राख्न थप सक्रियता एवम् रचनात्मक ढंगले आ-आफ्नो कार्यक्षेत्रमा अग्रसर रहि कार्य सम्पादन गर्न प्रदेश तथा जिल्ला प्रहरी प्रमुखहरूलाई उनले निर्देशन समेत दिए ।
सो अवसरमा नेपाली सेनाका बलाधिकृत रथी अशोकराज सिग्देल क्षेत्री, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, मुख्य अनुसन्धान निर्देशक हुतराज थापा, गृह मन्त्रालयका सह-सचिवहरू नारायण प्रसाद भट्टराई, डा. भीष्म कुमार भूसाल र थानेश्वीर गौतम तथा कोशी प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव लक्ष्मी प्रसाद पौडेलले आ-आफ्नो मन्तव्य व्यक्त तथा प्रस्तुतिकरण गरेका थिए ।

# मधेश प्रदेशको बजेट वक्तव्यको पूर्णपाठ

माननीय सभामुख महोदय,

१. यस गरिमामय प्रदेश सभा बैठकमा मधेश प्रदेश सरकारको अर्थ मन्त्रीको हैसियतले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न काल खण्डमा भएका जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन, स्वराज आन्दोलन, लगायत विभिन्न पहिचान तथा अधिकार प्राप्तिका आन्दोलनहरुमा आफ्नो अमूल्य जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहीदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै घाइते र बेपत्ता हुनु भएका वीर योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु।

३. मधेश प्रदेश सरकार मधेशी, आदिवासी, दलित, जनजाति, महिला, मुस्लिम, थारु, पिछडावर्ग लगायत अन्य सिमान्तकृत समुदायले गरेको गौरवपूर्ण संघर्षलाई उच्च सम्मान गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशिता, आरक्षण, समानुपातिक प्रतिनिधित्व, समानता, मानव अधिकार, सामाजिक न्यायमा आधारित समतामुलक समाज निर्माणको लागि गरेको संघर्षलाई सफल पार्न तथा शहादत प्राप्त वीर शहीदहरुको सपनालाई सकार पार्ने प्रतिवद्धता व्यक्त गर्दछु।

४. विधमान अर्थतन्त्रको चुनौति तथा समृद्ध मधेश प्रदेश निर्माणको आकांक्षालाई पुरा गर्न उर्बर कृषि भूमिको सदुपयोग गर्दै कृषि क्षेत्रमा रहेको पारम्परिक तथा निर्वाहमुखी खेति प्रणालीलाई व्यवसायिकता तर्फ रुपान्तरण गर्दै उद्यमशिलता विकास, लगानी प्रवर्द्धन गरी, रोजगारी सिर्जना गर्ने र उच्च आर्थिक वृद्धि हाँसिल गर्ने तर्फ बजेट परिलक्षित छ ।

५. विभिन्न कालखण्डमा भएका राजनीतिक परिवर्तन तथा जनताको संघर्ष र बलिदानको फलस्वरुप प्राप्त भएको संघीय शासन प्रणालीमा जनतासामु सरकारको सकारात्मक उपस्थिति नभईरहेको परिस्थितिमा सिमित श्रोत साधनको उपलब्धताका बाबजुद जनताको विकासको आकांक्षा सम्बोधन गर्न सक्ने गरी प्रदेशको आर्थिक सामर्थ्य विकास गर्ने चुनौति हाम्रो सामु रहेको छ।

६. भौगोलिक सुगमता, उर्वर भुमि, पुर्वाधारमा सरल पहुँच लगायतका विभिन्न श्रोत साधनहरुले सम्पन्न यो प्रदेश मानव विकास सुचकांक मापनको खास आधारहरुमा कमजोर रहेको देखिन्छ । साक्षरता दर, रोजगारी लगायतका क्षेत्रहरुमा मुलुकका अन्य क्षेत्रभन्दा पछाडी पर्नु तथा उपलब्ध साधन श्रोतको परिचालन हुन नसक्नुले जनतामा प्रदेश सरकारप्रति नकरात्मक दृष्टिकोण सिर्जना भएको हुदाँ यो बजेट मधेश प्रदेशको समग्र आर्थिक समाजिक तथा संस्कृतिक रुपान्तरणमा केन्द्रित हुनेछ ।

७. प्रदेश सरकारको प्रशासनिक खर्च लगायत अन्य चालु प्रकृतिका खर्चहरुमा कुल बजेटको ठूलो हिस्सा विनियोजन गर्नुपर्ने अवस्था रहेको कारणले विकास निर्माणसँग सम्बन्धित कार्यहरुको श्रोत व्यवस्थापनमा अत्याधिक चाँप बृद्धि भएको छ ।

८. आयोजनाको पूर्वतयारी र प्राथमिकिकरणको अभावले गर्दा पुँजिगत प्रकृतिका खर्चहरुको प्रभावकारीता बढ्न सकेको छैन । सिमित श्रोत साधनहरु वितरणमुखि भई त्यस्ता योजनाहरुले जन चाहना अनुरुप प्रतिफल दिन नसकेको हुँदा स्रोत साधनको समुचित परिचालन मार्फत सार्वजनिक खर्चलाई प्रभावकारी एवं उपलब्धीमुलक बनाउने चुनौति हाम्रो सामु रहेको छ ।

९. प्रदेशको आन्तरिक श्रोतको दायरा विस्तार हुन सकेको छैन तथा बजेटको मुख्य अंश अनुदानमा आधारित भएको र समय समयमा संघिय सरकारद्वारा अनुदानमा कटौतीका कारण श्रोत व्यवस्थापनमा जटिलता बढ्दै गएको छ । आन्तरीक आयको लागि करको दायरा बढाउन चुनौतिपुर्ण रहेको छ ।

१०. जनतामा सुशासनको प्रत्याभुति दिलाउनुका साथै सार्वजनिक प्रशासनलाई नतिजामुखी, दक्ष, प्रभावकारी, पारदर्शी, व्यवसायिक बनाई प्रदेश सरकारको उदेश्य प्राप्तिको लागि परिचालन गर्नु चुनौतिपुर्ण रहेको छ।

११. मधेश प्रदेशमा कार्यरत कर्मचारीहरुलाई उत्पेररित भएकर प्रदेशभित्र कार्य गर्ने आवश्यक सहज वातावरण सिर्जना गरिएको छ । सो अन्तर्गत प्रदेश निजामती अस्पतालल, सन्ततीका निम्ती छात्रवृती, कर्मचारी आवास विमा लगायत प्रोत्साहन मुल कार्यहरुको लागि क्रमशः कानुन बनाई कार्यान्वयन गरिनेछ । १२. विधमान चुनौतिहरुका बावजुद समयानुकुल अर्थतन्त्रका सुचकहरुमा भएका सुधारहरुले गर्दा कृषि क्षेत्र, पर्यटन क्षेत्र, वित्तिय क्षेत्रमा आकार्षण बढ्नुका साथै अर्थतन्त्र चलायमान भएको अवस्थामा अर्थतन्त्रलाई थप सुदृढ गर्न सार्वजनिक वित्तको पुनसंरचना गरी प्रभावकारी राजश्व परिचालन, परिमाणमुखी पुँजिगत खर्च, अनुत्पादक क्षेत्रमा खर्च कटौती एवं सार्वजनिक खर्चमा मितव्ययिता कायम गरी आगामी आ.व को बजेटले निजी क्षेत्रको मनोबल बृद्धि, उद्यमशिलता विकास तथा प्रवर्द्धन, सार्वजनिक सेवा प्रवाहमा मितव्ययितम एवं पार्दशिता कायम गर्ने तर्फ केन्द्रित हुनेछ ।

१३. संघियता कार्यान्वयन पश्चात मधेश प्रदेश सरकारले प्रथम आवधिक योजना निर्माण गरी आ.व ०७६/०७७ देखि सुरु भई आ.व ०८०/८१ मा समापनको चरणमा रहेको र उक्त अवधिको सुरुवाती चरणमा मधेश प्रदेशको बहुआयामीक गरिबी दर ४७.९ प्रतिशत रहेकोमा सोमा सुधार भई हाल २४.२ प्रतिशत रहेको छ।

१४. प्रथम आवधिक योजनाको अवधिमा प्रदेश सञ्चित कोषमा विभिन्न विकास साझेदार संस्थाहरुले उपलब्ध गराएको बजेटमध्ये कुल प्राप्त बजेटको २४ प्रतिशत तथा दाताको संयुक्त कोषबाट भएको खर्च प्रगति २९ प्रतिशत मात्र रहेको छ। यस आ.व को बजेटले सो प्रकृतिका बजेट तथा खर्चलाई प्राथमिकता प्रदान गरी समयमा नै सोधभर्ना हुनेगरी सार्वजनिक खर्च प्रणाली अवलम्बन गरिनेछ।

१५. संघिय सरकारसँग हुने सहकार्य र समन्वय बढाई प्रदेश सरकारले सञ्चालन गर्ने वित्तिय हस्तान्तरणका कृयाकलापहरुलाई मितव्ययी र पारदर्शी बनाउन वित्तीय हस्तान्तरण प्रकृयालाई यसै बजेट मार्फत सम्बोधन गरेको छु।

माननीय सभामुख महोदय,

अब म मधेश प्रदेशको विधमान आर्थिक अवस्था र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्था प्रस्तुत गर्दछु ।

१६. आर्थिक वर्ष २०८०।८१ मा राज्यको प्रचलित भुक्तानीको कुल गृहस्थ उत्पादन मध्ये मधेश प्रदेशको योगदान रु ७ खर्व ४७ अर्व ३३ करोड ४० लाख रहेको छ, जुन कुल ग्रहस्थ उत्पादनको १३.१ प्रतिशत हुन आउछ । १७. प्रदेशको कुल ग्रहस्थ उत्पादनमा सेवा क्षेत्रको योगदान सबभन्दा बढी ५३.९ प्रतिशत रहेको छ तथा कृषि र उधोग क्षेत्रको योगदान क्रमश ३५.३ र १०.८० प्रतिशत रहेको छ ।

१८. आर्थिक वर्ष २०८०।८१ मा मधेश प्रदेशको प्रतिव्यक्ति कुल ग्रहास्थ उत्पादन ८९२ अमेरिकी डलर रहने अनुमान छ ।

१९. आ.व. २०७९।८० मा मधेश प्रदेशको आर्थिक वृद्दिदर राष्ट्रिय आर्थिक वृद्दिदरको तुलात्मक औषतको भन्दा माथि रहे पनि चालु आ.व. मा उपभोक्ता मागमा कमी आउनु,कर्जा विस्तार, उत्पादन मूलक श्रोत न्यून क्षमतामा संचालनहुनु लगायतका आर्थिक क्रियाकलपमा विस्तार हुन नसकेको हुदाँ मधेश प्रदेशको आर्थिक वृद्दिदर राष्ट्रिय औषत ३.८७ प्रतिशत भन्दा तल रहेको छ।

२०. आ.व. २०८०।८१ मा मधेश प्रदेश सरकारको कुल खर्च रु ३१ अर्ब ३४ करोड ५४ लाख ३४ हजार अर्थात कुल विनियोजनको ७१.०५ प्रतिशत हुने संशोधित अनुमान छ । कुल सरकारी खर्च मध्ये चालु खर्च रु १५ अर्ब २२ करोड ५१ लाख ७४ हजार र पुँजिगत खर्च रु १६ अर्ब १२ करोड ०२ लाख ५० हजार खर्च हुने संशोधित अनुमान छ ।



२१. चालु आ.व २०८०।८१ मा कर राजश्व बाट रु १२ अर्ब ८३ करोड २३ लाख अनुदानबाट रु १३ अर्ब ३३ करोड ४० लाख अन्य राजश्वबाट रु १ अर्ब ३७ करोड ८४ लाख तथा विविध प्राप्ति बाट रु ८ अर्ब १० करोड २१ लाख संकलन हुने अनुमान छ । त्यसैगरी आन्तरीक ऋण बाट रु २ अर्ब संकलन हुने अनुमान छ ।

माननीय सभामुख महोदय,

२२. मधेश प्रदेशको समग्र सार्वजनिक वित्त व्यवस्थापन क्षेत्रमा रहेको विधमान अवस्था तथा भविष्यमा गर्नुपर्ने सुधारहरुको सन्दर्भमा संघिय सरकारसँगको समन्वयमा स्वमूल्यांकन प्रणालीमा आधारित गरि सार्वजनिक खर्च वित्तिय जवाफदेहिता मुल्यांकन गरी विनियोजन दक्षता र खर्च कुशलताको स्थितिको जानकारी लिई सो अनुसार क्षमताको विकास गर्दै वैदेशिक सहायतालाई उत्पादनशील क्षेत्रमा परिचालन गर्दै आयोजना कार्यान्वयनको पक्षलाई सुधार गरि आर्थिक वर्षको सुरुवाती चरणबाट नै आयोजना कार्यान्वयनहुने वातावरण निर्माण गरिने छ ।

माननीय सभामुख महोदय,

अब म बजेट तथा कार्यक्रमहरुको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरुको बारेमा चर्चा गर्न गईरहेको छु ।

२३. कृषि क्षेत्रलाई प्रदेशको सफलताको रुपमा लिई थप प्रोत्साहन हुनेगरी बजेट तथा कार्यक्रम समावेश गर्न प्रथमिकता दिएको छ ।

२४. संविधानले निर्दिष्ट गरे अनुसार प्रदेशको आन्तरिक स्रोत परिचालन गर्न राजस्व संकलनको दायरा प्रभावकारी गराउने विषय प्राथमिकतामा रहेको छ ।

२५. कार्यान्वयन योग्य आयोजना छनौट गर्ने अभ्यासमा रहेको कमजोरीलाई सम्बोधन गर्न समयमा नै कार्यान्वयन प्रकृया अघि बढाउने गरी बजेटलाई प्राथमिकिकरण गरिएको छ

२६. मधेश प्रदेशले अर्थतन्त्रमा उच्च योगदान दिन सक्ने देखिएका कृषि, उद्योग र सेवा क्षेत्रहरुमा सार्वजनिक लगानी बढाउने र निजी लगानीलाई प्रोत्साहन गरी अर्थतन्त्रको आधार मजबुत बनाउने किसिमले विषय क्षेत्रगत नीति तथा कार्यक्रममा सुधार गर्दै लैजाने गरी कार्यक्रम प्रस्तुत गरिएको छ ।

२७. संघीय स्वरुप अनुसार तीन तहका सरकारको संरचनागत व्यवस्था अनुसार सहकारितामा आधारित कार्यान्वयन प्रणालीमा योगदान गर्ने किसिमका उदार नीति अवलम्बन गरी प्रदेशले स्थानीय तहसँगको सहकार्य र समन्वय सवल गराउने गरी कार्य गर्न प्राथमिकता दिईएको छ ।

२८. सन् २०३० सम्म हासिल गर्नुपर्ने दिगो विकास लक्ष्य अनुसारको प्रदेशका तर्फवाट गर्नुपर्ने योगदान, प्रदेश सरकारको नीति तथा कार्यक्रम र निर्वाचनका समयमा राजनितिक दलहरुले गरेका प्रतिबद्धता समेतका आधारमा यो बजेट तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

२९. राष्ट्रिय अर्थतन्त्रको दरिलो आधार मधेश प्रदेश भन्ने भावका साथ कृषि क्षेत्र एवं उद्योगहरुमा लगानी केन्द्रित गरी उत्पादन र उत्पादकत्व बढाउने, उत्पादन मूलक उद्योग र सेवा क्षेत्रको विस्तार गर्ने, साँस्कृतिक एवं पर्यापर्यटनको माध्यमबाट मधेशलाई खास गन्तव्यको रुपमा विकास गर्दै लैजाने, पूर्वाधार क्षेत्रको विकास मार्फत अन्य आर्थिक गतिविधि बढाउने विषय प्राथमिकतामा रहेको छ ।

३०. सामाजिक न्याय र समविकास संघीयताको सबलीकरण, सन्तुलित विकास यस बजेटको प्राथमिकता हो ।

३१. जवाफदेही बजेट प्रणाली र आर्थिक सुशासनका लागि बजेट क्रियाकलाप निर्धारण गर्दा नै कार्यान्वयन गर्ने निकाय र काम यकीन गराइएको छ । स्वीकृत मापदण्ड र कार्यविधि अनुसार काम गर्नुपर्ने परियोजना बाहेक अन्यमा एकमुष्ट रुपमा खर्च राखी पछि बाँडफाँट गर्ने गरी रकम विनियोजन गर्ने अभ्यासलाई निरुत्साहित गरिएको छ ।

माननीय सभामुख महोदय

अब म आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

कृषि तथा कृषि पूर्वाधार रुपान्तरण र सहभागिता

३२. "कृषिको मुख्य आधार, माटोको स्वास्थ्य सुधार" भन्ने अभियान सञ्चालन गरी किसानहरुलाई प्राङगारिक खेति तर्फ आकर्षित गर्न माटो स्वास्थ्य सुधार र प्राङ्गारिक मल उत्पादन तथा वितरण कार्यक्रममा रकम विनियोजन गरेको छु

३३. कृषि विद्युतीकरणलाई प्रदेश गौरवको परियोजनाको रुपमा विकास गर्दै कृषि विद्युतीकरणलाई विस्तार, निःशुल्क कृषि मिटर, सिचाँई प्रयोजनका हरेक निर्वाचन क्षेत्रका कृषि विद्युतीकरण कार्यक्रममा रकम विनियोजन गरेको छु ।

३४. कृषि प्रसार सेवाको पहुँच बढाउन किसानको वारी स्वयंसेवकको छहारीको सोचलाई सार्थक तुल्याउन प्रदेशभर ५०० महिला कृषि स्वयमसेविका परिचालन गर्न रकम विनियोजन गरेको छु ।

३५. मधेश प्रदेशका किसानहरुको लागि किसान कार्ड तथा पेन्सन योजना सुरुवात गर्न आवश्यक बजेट विनियोजन गरको छु ।

३६. धान, गहुँ, तेलहन, दलहनवालीको बीउमा मधेश प्रदेशलाई आत्मनिर्भर बनाउन बिज बृद्धि कार्यक्रम परियोजनाको रुपमा संचालन गर्न विउ विजन आत्मनिर्भर कार्यक्रममा रकम विनियोजन गरेको छु ।

३७. निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिकीकरण, व्यवसायिकीकरण, बजारीकरण र यान्त्रिकीकरणमा रुपानान्तरण गरी किसानहरुको सहज बजार पहुँचको लागि कृषि सडक निर्माणको लागि रकम विनियोजन गरेको छु ।

३८. कृषि, पशुपन्छी र मत्स्य क्षेत्रहरुको प्रवर्द्धनका लागि एक पालिका एक कृषि उत्कृष्टता केन्द्र(भ्हअर्भाभिलअथ अभलतभच ) को स्थापनाका लागि रु रकम विनियोजन गरेको छु ।

३९.. पशुहरुमा लाग्ने खोरेत रोगको कारणवाट वर्षेनी पशुधनमा क्षति पुग्ने गरेको तथा दूध मासुको गुणस्तरमा समेत प्रत्यक्ष असर पुर्याएको हुनाले निश्चित स्थानलाई श्यलष्लन र ऋफअउबचक्तभलतबष्शिबतष्यल निर्धारण गरि प्रभावकारी रुपमा कार्यक्रम संचालन गर्दै प्रदेशलाई खोरेत रोग मुक्त क्षेत्र कार्यक्रम लागि रकम विनियोजन गरेको छु ।

४०. स्थानीय तहसँग समन्वय गरी मधेश प्रदेशका १३६ वटै स्थानिय तहमा पशु नश्ल केन्द्र स्थापना तथा संचालनका लागि रु. ५ करोड २८ लाख रकम विनियोजन गरेको छु ।

४१. पशुपन्छीमा आहाराको भूमिका महत्वपूर्ण हुने यथार्थलाई आत्मासाथ गर्दै उत्पादन र उत्पादकत्व बृद्धि गर्न गुणस्तरीय एवं सन्तुलित आहाराको सहज उपलब्धताको लागि रकम विनियोजन गरेको छु ।

४२. हरवा चरवा, विपन्न, गरिव, भूमिहीन तथा सामाजिक रुपमा पिछडिएका साना कृषकहरु, एकल महिला लगायतका लक्षित वर्गहरुका परिवारको आय आर्जन तथा जिविकोपार्जनमा टेवा पुर्याउन स्वरोजगारमूलक विशेष कार्यक्रम संचालन गर्न रकम विनियोजन गरेको छु ।

४३. माछा पालन तथा मत्स्य बीज व्यवसायलाई दिगो व्यवस्थापन गर्न उत्पादन देखि बजारीकरण सम्म मूल्य श्रृंखलामा आधारित विशेष परियोजना संचालनका लागि रकम विनियोजन गरेको छु ।

४४. उखुको उत्पादन र उत्पादकत्व वृद्धि गर्न उखु वाली प्रवर्द्धनका लागि रकम विननियोजन गरेको छु ।

४५. कृषिमा यन्त्र उपकरण प्रयोग, उत्पादन वृद्धिमा सहयोग पुर्याउन प्रदेशिक कृषि औजार केन्द्र स्थापना तथा एक पालिका एक कृषि लाईब्रेरी का लागि रकम विनियिजन गरेको छु।

४६. मूल्य श्रृंखलामा आधारित फलफूल र तरकारी खेति प्रबर्द्धनका लागि रकम विनियोजन गरेको छु ।

४७. कृषि, पशुपन्छी तथा मत्स्यको उत्पादन र उत्पादकत्व वृद्धि गर्न र अनुदान कार्यक्रमलाइ व्यवस्थित बनाउन एक पालिका एक एग्रोभेट संचालन गर्ने व्यवस्था मिलाएको छु ।

४८. कृषि र पशुपन्छीमा लाग्ने विभिन्न रोग / महामारी / किराहरुको नियन्त्रण, रोकथाम, उपचार र परामर्शका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४९. सिंचाई क्षेत्र बृद्धि गरि कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्न बोरीङ्ग कार्यक्रमको व्यवस्था मिलाएको छु ।

५०. सहकारी दर्ता, अनुगमन, निरिक्षण, व्यवस्थापन, नियमन तथा समग्र सहकारी क्षेत्रको विकासको लागि रकम विनियोजन गरेको छु ।

५१. प्रदेश बाली बिमा कार्यक्रम, कोल्ड स्टोर सहितको बजार मण्डी स्थापना, कृषि डिजिटलाइजेशन, च्याउ कार्यक्रमको लागि आवश्यक रकम बिनियोजन गरेको छु ।

५२. भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय तर्फ रु २ अर्ब ७९ करोड १९ लाख विनियोजन गरेको छु ।

वन तथा वातावरण

माननीय सभामुख महोदय,

५३. सहभागितामुलक ढंगले वनको द्विगो व्यवस्थापनको लागि वनमा आधारीत उधोगहरुको स्थापनाको लागि निजि तथा समुदायलाई प्रोत्साहित गर्नुका साथै जैविक विविधता जलाधार तथा सिमसार संरक्षणको लागि बजेट विनियोजन गरेको छु ।

५४. वन डढेलो नियन्त्रण गर्नको लागि अग्निरेखा तयारी गरी डढेलो लाग्न नदिन र नियन्त्रणका उपायहरुको बारेमा समुदायस्तरमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

५५. बन्यजन्तु ओहर दोहर गर्ने जैविक मार्गको विकास गरी बन्यजन्तु अतिक्रमणबाट हुने मानवीय तथा बालीनाली क्षतिलाई न्युनिकरण गर्न क्षति वापत पिडितलाई उचित सहयोग उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५६. साझेदारी बन सामुदायिक बन तथा कबुलियत बन क्षेत्रहरुमा तुलनात्मक लाभ हुने उच्च मुल्यका जडिबुटी र बन अनुकुल फलफूलको विरुवा रोपण तथा गैरकाष्ठ बन पैदावरको खेती लगाउन प्रोत्साहित गर्न बजेट विनियोजन गरेको छु ।

५७. माथिल्लो तथा तल्लो तटीय क्षेत्र अन्तरसम्बन्धको आधारमा चुरेक्षेत्रको प्रभावकारी संरक्षणको लागि सरोकारवालहरुसँग समन्वय र सहकार्यमा एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गरी व्यवस्थित जलाधार समृद्धिको आधार भन्ने मर्मलाई सार्थकता प्रदान गर्न बजेट विनियोजन गरेको छु ।

५८. मधेश प्रदेशको आठ वटै जिल्लाहरुमा पानीको सतह घट्दै गइरहेकोले उक्त अवस्थालाई मध्यनगर गर्दै भूमिगत जल पुनरभरण र भूमिगत जलस्तरलाई बढाउन चुरे तथा भवार क्षेत्रमा जलाशय निर्माणको लागि बजेट विनियोजन गरेको छु ।

५९. चुरे क्षेत्रको संरक्षण तथा व्यवस्थापन र चुरे जोगाउ मधेश बचाउ भन्ने नारालाई मुर्तरुप दिन भु तथा जलाधार संरक्षण ऐन तर्जुमा गर्न आवश्यक पहल गर्नुका साथै पानीको उत्पादकत्व अभिबृद्धि गर्न चुरे संरक्षण संवाद कार्यक्रम र शहरी जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु । ६०. मुख्यमन्त्री हरित प्रदेश अभियान कार्यक्रमलाई निरन्तरता प्रदान गर्न प्रदेश भित्र रहेका खाली, सार्वजनिक जग्गा, नदी उकास, नहर/सडक किनार लगायतका स्थानहरुमा बहुउपयोगी बोटबिरुवाको बृहत बृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्न बजेट विनियोजन गरेको छु ।

६१. वन पैदावरमा आधारीत लघु उधम विकास प्रवर्द्धन गरी वन क्षेत्रबाट रोजगारी तथा आय आर्जनका अवसरहरु सिर्जना गर्न व्यवसायिकरण हुनसक्ने वन पैदावरहरुको खेति प्रविधि विकासको लागि बजेट विनियोजन गरेको छु । ६२. प्रदेशभित्र रहेका धार्मिक एवं संस्कृतिक नदिनालाको पहिचान गरी ति नदिहरुको संरक्षण र सम्वर्द्धन गर्न संघिय तथा स्थानिय तहसँग समन्वय गरी प्रदेश प्रमुख नदिनाला नियन्त्रण तथा जल संरक्षण कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु ।

६३. हरेक पालिकाको संस्कृतिक झल्को देखिने माटो पार्क, मधेश इतिहास पार्क, बाबासाहेब आम्बेडकर पार्क, मधेश प्रदेशमा जलवायु परिवर्तन बाट भएका असरहरु र यसका न्यूनिकरण सम्बन्धी अध्ययनका लागि आवश्यक रकम बिनियोजन गरेको छु ।

६४. वन तथा वातावरण मन्त्रालय तर्फ रु २ अर्ब ४२ करोड ४० लाख २५ हजार विनियोजन गरेको छु ।

श्रम तथा यातायात

माननीय सभामुख महोदय,

६५. मधेश प्रदेश सरकारले सीपयुक्त

*बाँकी पृष्ठ ४ मा*

# मधेश प्रदेश...

जनशक्ति, श्रमको सम्मान, सुनिश्चित रोजगार: समृद्ध मधेशको मुल आधार सहितको दुरदृष्टि राखी श्रम तथा रोजगार नीति २०७९ ल्याएको छ । सोहि नीतिले लिएको कार्यनीतिहरुलाई अवलम्बन गरि प्रदेश भित्रका वेरोजगार जनशक्तिका लागि रोजगारका अवसरहरु सृजना गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

६६. श्रम बजार सर्वेक्षणबाट प्राप्त सूचनाको आधारमा प्रदेश भित्र रहेका रोजगारका अवसरहरु पहिचान गरि रोजगार योग्य सीपहरुको सुचीकरण गरिनेछ । श्रम बजार सम्बन्धि सुचनामा प्रदेशको नागरीकका लागि सुलभ पहुँचको संयन्त्र निर्माण गर्ने आवश्यक व्यवस्था मिलाएको छु ।

६७. प्रदेश भित्रका निजिक्षेत्रसँग रहेका रोजगारका अवसर र वेरोजगार विच सम्बन्ध स्थापना गर्न रोजगारदाता र रोजगारीको खोजकर्ताहरुको विशेष पोर्टल बनाईनेछ।

६८. प्रदेश भित्र र बाहिर सीपमा आधारीत रोजगार प्रवर्धनका लागि "मुख्यमन्त्री रोजगार कार्यक्रम" प्रभावकारी रुपमा संचालन गरिनेछ । यस अन्तर्गत प्रदेश भित्रका विपन्न, गरिब एवंम् सीप नभएकै कारण पछाडि परेका वेरोजगारहरु लाई सिप सहित वस्तुगत टेवा प्रदान गरि स्वरोजगार सृजना गर्न आवश्यक बजेट बिनियोजन गरेकोछु ।

६९. लघु, घरेलु, साना, मझौला उद्यम व्यवसाय मार्फत आन्तरिक स्वरोजगार प्रवर्धन गर्नका लागि प्रदेश सरकारले "मधेश स्टार्टप र नवप्रवर्तन केन्द्र"का लागि रु. १५ करोड विनियोजिन गरेको छु। यस सहयोगका माध्यमले उद्यमी/व्यवसायीहरुको व्यवसाय सुरुवाती जोखिम न्युन गर्ने प्रयास गरिनेछ ।

७०. वैदेशिक रोजगारीबाट स्वदेश फिर्ता आएका श्रमिकहरुले भित्रियाएका सीप, अनुभव, विप्रेषण को उचित प्रयोग गर्ने वातावारण तयार गर्नका लागि "स्वरोजगार कार्यक्रम" संचालनमा गर्न रकम विनियोजन गरेको छु

७१. रोजगारका लागि वैदेशिक रोजगारीमा जाने र फर्केर आउने व्यक्तिहरुको लागि सुरक्षीत आप्रवासन सहयोग कार्यक्रम तथा बैदेशिक रोजगारीबाट फिर्ता आएका व्यक्तिहरुका लागि सामाजिक एवं आर्थिक पुन: एकीकरण गर्न दातृ नियोगहरुको सहयोगमा परियोजनालाई विस्तार गरी सीपयुक्त जनशक्ति मात्र वैदेशिक रोजगारीमा जाउन भन्ने उद्देश्यले सीप विकास तालिम प्रदान गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

७२. श्रम शोषण, बाल श्रम उन्मुलन र अनौपचारीक क्षेत्रका श्रमीकहरुको सम्मानीत रोजगारका लागि प्रदेश भरी विशेष कार्यक्रमहरु संचालन गर्न बजेटको व्यवस्था गरेको छु ।

७३. श्रमिक महिलालाई विशेष प्राथमिकता दिई मुख्यमन्त्री महिला स्वरोजगार उद्यमशिलतामा सहभागी गराईने गरि बजेट व्यवस्थापन गरेको छु ।

७४. प्रदेशको राजश्वको मुख्य श्रोतको रुपमा रहेको सवारी साधनको राजश्व व्यवस्थापन गर्न प्रत्येक यातायात व्यवस्था कार्यलयलाई डिजिटलाईजेशन गरिनुका साथै भाडामा संचालनमा रहेको यातायात कार्यालयहरुलाई आफ्नै कार्यालय भवन निर्माणकालागी आवश्यक बजेट को व्यवस्था गरेको छु।

७५. प्रदेश सरकारले हलुका सवारी साधन खरिद गर्दा विधुतिय सवारी साधनलाई प्राथमिकतामा राखिने व्यवस्था मिलाएको छु ।

७६. प्रविधिको प्रयोग मार्फत सवारी साधनहरुको भौतिक अवस्थाको निरन्तर परिक्षण गरि सुरक्षित आवागमन र दुर्घटना न्युनिकरणको सुनिश्चित्त्ताका लागि Vehicle Fitness Testing Center (VFTC) निर्माण लगायत ड्राईभिङ्ग लाइसेन्स ट्राएल सेन्टरमा ऋऋत्ख जडान गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

७७. प्रदेश सरकारका सावारी साधनहरुको दुरुपयोग रोकनका लागि सवारीहरुमा न्एक जडान गर्ने व्यवस्था मिलाएको छु ।

७८. दस हजार नागरिकलाई प्रदेश सरकारले बजार माग तथा आवश्यकतामा आधारित रहेर विभिन्न प्रकारका सिप विकास तालिम प्रदान गर्ने छ । उक्त कार्यक्रमबाट प्रत्यक्ष लाभांवित प्रत्येक नागरिकले कम्तिमा आफ्नो रोजगार वा स्वरोजगार स्थापना गरी दस हजार थप रोजगारीको अवसर श्रृजना हुने व्यवस्था गरेको छु । स्थानीय तहसँगको समन्वय र सहकार्यमा रोजगार सम्बन्धी कार्यहरु सञ्चालन गर्न अभ्यासलाई निर्न्तरता दिईने छ । स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रलाई सबल गराई मधेश मानव जनशक्ति बैंकको रुपमा विकास गर्दै लगिने छ।

७९. डिजिटल प्रदेशको सम्भाव्यता अध्ययन र यस प्रदेश अन्तर्गत हरेक जिल्लाको कम्तीमा पनि एक ठाउँमा डिजिटल ईकोसिष्टमको पाईलटिङ्गको लागि प्रारम्भिक कार्यका लागी रकम विनियोजन गरेको छु । यस व्यबस्थाबाट स्वास्थ्य, शिक्षा लगायत अन्य आधारभूत सेवाहरु सर्वसुलभ रुपमा प्रदान गर्न मद्दत मिल्ने छ भन्ने आशा गरेको छु। यसको साथसाथै डिजिटल युगमा स्थानिय युवा जनशक्तिलाई परिचालन गरी रोजगारीको लागि उल्लेखनिय टेवा पुग्नेछ ।

८०. श्रम तथा यातायात मन्त्रालय तर्फ तर्फ रु ९९ करोड ९७ लाख ४८ हजार विनियोजन गरेको छु।

उधोग, वाणिज्य तथा पर्यटन

माननीय सभामुख महोदय,

८१. भारत तथा तेस्रो मुलुकका स्थलमार्गबाट नेपाल आउने पर्यटकहरुलाई विश्राम स्थल, मधेश प्रदेशका पर्यटकीय स्थलहरुको जानकारी समाग्रीहरु र खानेपानी शौचालय लगायतका सुविधाहरुको लागि पर्यटन सुचना केन्द्र तथा पर्यटक विश्रामस्थलहरुको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

८२. विक्रम सम्बत् २०८२ लाई "घुमौं मधेश बुझौं मधेश" भन्ने मूल नाराका साथ मनाईने मधेश पर्यटन वर्षको पूर्व तयारीको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

८३. मधेश प्रदेशको पर्यटन गुरुयोजना बनाई बिभिन्न महत्वपुर्ण पर्यटकिय स्थलहरुलाई जोडि पर्यटन प्रवर्द्धन गर्नेकोलागी आवश्यक रकम बिनियोजन गरेको छु ।

८४. मधेश प्रदेशको प्रादेशिक सौन्दर्यकरणको लागि जनकपुर शहर सौन्दर्यीकरण तथा जनकपुरका पोखरीहरुको सौन्दर्यीकरण र मिथिला सँस्कृतिलाई प्रवर्द्धन गर्न समाग्रीकोलागि आवश्यक रकम विनियोजन गरेको छु ।

८५. मधेश प्रदेशका धार्मिक पर्यटकीय स्थलहरुलाई जोडेर पर्यटन प्रवर्द्धन गर्नका लागि जानकी सर्किट तथा ८ जिल्लामा रहेको सबै पर्यटकिय स्थलहरुलाई ४ वटा पर्यटकिय सर्किटको रुपमा विकास गर्न परियोजना रिपोर्ट तयारिका साथै पर्यटन आकर्षणको लागि विभिन्न पर्यटकीय स्थलहरुको पुर्वाधार विकास र स्तरोन्नतिको लागि आवश्यक रकम बिनियोजन गरेको छु ।

८६. पर्यटन क्षेत्रमा जनशक्ति विकासका लागि होटेल व्यवस्थापन तालिम, टुर गाईड तालिम, होम स्टे तालिम सञ्चालन प्रदान तथा होमस्टेका लागि प्रविधि हस्तान्तरण तथा साँस्कृतिक पर्यटनको लागि मिथिला साँस्कृतिक कार्यक्रम एवं सामग्री प्रदान गर्नको लागी आवश्यक रकम विनियोजन गरेको छु।

८७. पर्यटन क्षेत्रमा साहसिक पर्यटन तथा पर्या पर्यटन प्रबर्द्धनको लागि कोशी नदि, चुरे क्षेत्र, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष आदिको पर्यटन पुर्वाधार विकासको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

८८. पर्यटन प्रचार-प्रसारको पर्यटकीय स्थलहरुको विस्तृत विवरण भएको मधेश पर्यटन वेवसाईट तथा एप निर्माण एवं संचालनको लागि आवश्यक व्यवस्थाका साथै पर्यटन गाईड बोर्ड तथा पर्चा पम्पलेट एवं रेडियो, टेलिभिजन र अनलाईन सञ्चार माध्यम प्रयोग गरी मधेश पर्यटनको विकासको लागि आवश्यक रकम बिनियोजन गरेको छु ।

८९. मधेश आ.ईटी पार्क, औद्योगिक कोरीडोरको सम्भाव्यता अध्ययन ILO 169 का लागि अध्ययन, प्रदेशिक स्पेश तथा कम्युनिकेशन रिसर्च सेन्टर लगायतका स्थापनाका लागि आवश्यक रकम बिनियोजन गरेको छु

९०. मधेश प्रदेशमा उद्योग तथा पर्यटन क्षेत्रमा थप लगानी भित्रयाउना मधेश लगानी सम्मेलनको लागि आवश्ययक व्यवस्था गरेको छु।

९१. यूवा स्वरोजगार अभिवृद्धि गर्न उद्यमशिलता तालिम संगै स्टार्ट-अप पुँजी प्रदान तथा सीप विकास तालिमको लागी आवश्यक रकम विनियोजन गरेको छु ।

९२. उद्यमी बजार प्रवर्द्धन तथा उपभोक्ता हकहित संरक्षणको लागि सचेतनाका लागि विभिन्न कार्यक्रमहरुको व्यवस्थाको लागी आवश्यक रकम विनियोजन गरेको छु ।

९३. प्रदेश विशेष आर्थिक क्षेत्र (SEZ) को स्थापना गर्ने एवं मधेशमा उद्यमीमैत्री वातावरण सृजना गरी उद्योग र रोजगार अभिवृद्धि गर्ने आवश्यक व्यवस्था गरेको छु ।

९४. उधोग, वाणिज्य तथा पर्यटन मन्त्रालय तर्फ रु २ अर्ब ९८ करोड ५८ लाख २२ हजार विनियोजन गरेको छु ।

शिक्षा तथा संस्कृति

माननीय सभामुख महोदय,

९५. प्रदेश निर्वाचन क्षेत्रका ३९ वटा सम्बन्धन प्राप्त सामुदायिक प्राविधिक धार सञ्चालन भएका विद्यालयलाई सहयोगको लागि रु ३ करोड ९० लाख विनियोजन गरेको छु ।

९६. प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रमा १ वटाका दरले सामुदायिक विद्यालयमा सञ्चालित बाल विकास कक्षाको व्यवस्थापनमा सहयोगको लागि रु १ करोड २८ लाख विनियोजन गरेको छु ।

९७. प्रत्येक जिल्लामा एउटा सामुदायिक सिकाइ केन्द्रहरुलाई प्रविधियुक्त पुस्तकालयको रुपमा विकास गर्न रु २ करोड विनियोजन गरेको छु।

९८. प्रदेशका आठ वटै जिल्लाको संसदिय निर्वाचन क्षेत्रमा १/१ वटा विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्न भौतिक पूर्वाधार तथा क्षमता विकास गर्न रु १६ करोड विनियोजन गरेको छु ।

९९. प्रदेशको आठवटै जिल्लामा १/१ वटा नमूनाको रुपमा खुल्ला शैक्षिक पार्क निर्माण गर्न रु ४ करोड विनियोजन गरेको छु ।

१००. अति विपन्न डोम मुसहर चमार दुसाद हलखोर लगायत सिमान्तकृत जातजातिका बालबालिकाहरुलाई लक्षित गर्दै दलित शिक्षा अभियान कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु ।

१०१. पुर्ण साक्षर मधेश प्रदेश साक्षरता अभियान, टिच फर मधेश, जय मातृभुमि मधेशी भाषा, मधेशको इतिहास पठनपाठन, मधेश थिंक ट्यांक, मधेश आर्ट स्टुडियो, कोडिङ्ग आर्मी लगायतका लागि आवश्यक रकम बिनियोजन गरेको छु ।

१०२. मधेशको पहिचान लोककला सहित्य संस्कृति भाषा कला लोकगित नृत्य संगित साहित्य संरक्षण सम्बर्द्धन तथा प्रवर्द्धनो लागि मधेश प्रदेश संस्कृतिक प्रतिष्ठान स्थापनाको लागि बजेट विनियोजन गरेको छु

१०३. प्रदेशमा रहेका विद्यालय तथा विश्वविद्यालयहरुको भौतिक पुर्वाधार स्तरोन्नती गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१०४. मधेश स्वस्थ्य विज्ञान प्रतिष्ठानमा आ.व ०८१/८२ देखि M.B.B.S., B.D.S, B.Pharmacy, BSc. MLT लगायतका स्नातक तहका कार्यक्रमहरु सञ्चालन गर्न कक्षा कोठा तथा भवन निर्माण गर्न बजेट विनियोजन गरेको छु ।

१०५. शिक्षा तथा संस्कृति मन्त्रालय तर्फ रु २ अर्ब ९० करोड ५१ लाख ७६ हजार विनियोजन गरेको छु ।

गृह तथा सञ्चार

माननीय सभामुख महोदय,

१०६. प्रदेश सरकारको आधिकारीक कागजात तथा दस्तावेज छपाई कार्यलाई व्यवस्थित गर्नको लागि प्रदेश मुद्रण छापाखाना स्थापनाको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१०७. प्रदेश प्रहरी कार्यालयको प्रशासनिक भवन निर्माण कार्यको लागि १२ करोड विनियोजन गरेको छु।

१०८. प्रदेश भित्रमा आगलागि तथा मानविय एवं प्रकृति प्रकोप व्यवस्थापन कार्यको लागी वारुणयन्त्र खरिद कार्यको लागि रु ८ बजेट विनियोजन गरेको छु ।

१०९. मधेश आन्दोलनका शहिद परिवार तथा घाइतेहरुलाई सिप मुलक तालिम प्रदान गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु

११०. गृह, सञ्चार तथा कनुन मन्त्रालय तर्फ रु ७७ करोड ५७ लाख ०४ हजार विनियोजन गरेको छु ।

उर्जा, सिंचाई तथा खानेपानी

माननीय सभामुख महोदय,

१११. सौर्य ऊर्जाबाट संचालन हुने भूमिगत सिंचाई कार्यक्रमलाई नगदेवालीको प्रवर्द्धन गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

११२. खानेपानीको गुणस्तर परिक्षणका लागि प्रदेशस्तरीय खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गर्ने र निर्माणमा प्रयोग हुने साम्रगीहरुको लागि प्रदेशस्तरीय निर्माण सामाग्री परिक्षण प्रयोगशाला स्थापना गर्ने कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

११३. जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न हरित ग्याँसको खपतलाई कम गर्नको निम्ति मधेश प्रदेशभित्र वातावरणमैत्री विद्युतिय सावरी साधनको प्रयोगलाई बढाउने उद्देश्य राखी प्रदेशभित्रको पूर्व पश्चिम राजमार्ग र हुलाकी राजमार्ग अन्तर्गतका क्षेत्रहरुमा विद्युतिय चार्जिङ्ग स्टेशन निर्माणको लागि २ करोड विनियोजन गरेको छु ।

११४. सिंचाई प्रयोजनको लागि भुमिगत जलश्रोत नक्साकंन तथा Recharging Zone को अध्ययनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

११५. शिवालिक-चुरे क्षेत्रभित्रका नदीहरुलाई एक आपसमा जोड्ने योजना (Madhesh River Linking Project ) को अध्ययन अनुसन्धान गरी सम्भाव्य भएका बहुउद्देश्यीय आयोजना ( खानेपानी, सिंचाई नहर, भूमिगत जल पुनर्भरण, पर्यटन प्रवर्द्धन, लघु जलविद्युत समेत) लाई उच्च प्राथमिकतामा राखी प्रदेश गौरवको आयोजनाको रूपमा अगाडी बढाउनको लागि रु १ करोड बजेट विनियोजन गरेको छु ।

११६. मधेश प्रदेशमा २००० मेगावाट सम्मको सौर्य उर्जा उत्पादनका लागि सम्भाव्यता अध्ययन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

११७. उर्जा सिंचाई तथा खानेपानी मन्त्रालय तर्फ रु ५ अर्ब १७ करोड ९६ लाख ४२ हजार विनियोजन गरेको छु ।

खेलकुद तथा समाज कल्याण

माननीय सभामुख महोदय,

११८. मधेश प्रदेशका प्रत्येक महिला उद्यमी तथा उद्यमी समुहलाई उद्यमशीलता प्रवर्द्धनको लागि आवश्यक प्राविधिक सहयोग तथा क्षमता विकासको लागि बजेट विनियोजन गरेको छु

११९. जेष्ठ नागरीकहरुको लागि विशेष सहयोग कार्यक्रम अन्तर्गत जेष्ठ नागरीक दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालनको लागि बजेट विनियोजन गरेको छु।

१२०. बिरगंज महानगरपालिका वडा नं १५ अन्तर्गत नारायणी क्रिकेट रंगशालामा अन्तराष्ट्रियस्तरको कृकेट प्रशिक्षण केन्द्रको स्थापनाको लागि आवश्यक विस्तृत अध्ययन प्रतिवेदन तयार गर्नको लागि बजेट विनियोजन गरेको छु । १२१. मधेश प्रदेश भित्र बसोबास गरेका भुमिहिन, विपन्न, सिमान्तकृत वर्गहरुलाई "मुख्यमन्त्री आवास सुरक्षा योजना" मार्फत प्रकृतिक रुपमा हुने विपद जोखिम विरुद्धको कार्यक्रमका लागि रु ३ करोड विनियोजन गरेको छु।

१२२. मधेश प्रिमियर लिग (MPL), मधेश ओलम्पीक स्पोर्टस केन्द्र, शहीद राममनोहर पार्क, किसान आन्दोलन पार्क, दलित युवा सशक्तिकरण लगायतका कार्यक्रमहरुको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१२३. नागरीकलाई प्रकृतिक लगायतका विपद जोखिमबाट उत्पन्न क्षतीलाई न्यूनिकरण गर्न तथा लक्षित वर्गको सुरक्षामा समेत टेवापुग्ने उदेश्यका साथ मुख्यमन्त्री जनधन सुरक्षा कार्यक्रमको लागि रु १ करोड विनियोजन गरेको छु ।

१२४. युवा वर्गहरुलाई खेलकुद तर्फ आकर्षिक गर्न तथा खेलकुद क्षेत्रको प्रवर्द्धन गर्नको लागि युवाहरुको लागि स्पोर्ट्स सामाग्री प्रदान गर्नको लागि रु २ करोड ५० लाख विनियोजन गरेको छु ।

१२५. खेलकुद तथा समाज कल्याण मन्त्रालय तर्फ रु १ अर्ब ९५ करोड ८३ लाख ५० हजार विनियोजन गरेको छु ।

भौतिक पुर्वाधार

माननीय सभामुख महोदय,

१२६. एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम अन्तर्गत प्रत्येक निर्वाचन क्षेत्रमा ५- ५ किलोमिटरका दरले सडक कालोपत्रे गरी सडक विकासलाई सन्तुलित एवं योजनाबद्ध रुपले निर्माण कार्य अगाडी बढाउन बजेट विनियोजन गरेको छु ।

१२७. एक निर्वाचन क्षेत्र एक पक्की पुल निर्माण कार्यक्रमलाई आवश्यकता अनुसार पुल निर्माण गर्नको आगामी आर्थिक वर्षदेखि कार्यान्वयनको चरणमा लग्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१२८. प्रदेश भित्र रहेका सम्पूर्ण पालिकाहरुलाई पक्की सडक संजाल मार्फत जोड्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१२९. मधेश शहिद लोकमार्गलाई स्तरोन्नती गर्न सहयोगी संस्था विश्व बैंक, एडिबि लगायतका वैदेशिक साझेदारहरुसँग आवश्यक समन्वय गरी उक्त राजमार्गको कार्य आगाडी बढाउन आवश्यक व्यवस्था मिलाएको छु ।

१३०. स्थानिय तथा प्रदेशिक झोलुङ्गे पुल निर्माण तथा झोलुङ्गे पुल निर्माणमा उपलब्ध गराउदै आएको प्राविधिक सहयोगलाई निरन्तरता दिनुको साथै सडक पुल निर्माण हुन नसक्ने स्थानमा आवश्यकता अनुसार झोलुङ्गे पुल निर्माण गरिनेछ ।

१३१. मधेश प्रदेशको प्रत्येक जिल्लामा एक बहुउद्देशिय सभाहल निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१३२. भौतिक पुर्वाधार मन्त्रालय तर्फ रु १३ अर्ब ११ करोड ५२ लाख ७४ हजार विनियोजन गरेको छु ।

स्वास्थ्य तथा जनसंख्या

माननीय सभामुख महोदय,

१३३. संविधान प्रदत्त आधारभुत स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको मौलिक हकको प्रत्याभुत गराउन स्वास्थ्य सेवालाई थप विस्तार गर्न " मेरो स्वास्थ्य मेरो जिम्मेवारी भन्ने नाराका साथ पालिकाहरुको समन्यवयमा मधेश प्रदेशका प्रत्येक जिल्लामा नागरिक आरोग्य सेवा केन्द्र स्थापना तथा सञ्चालनको लागि यथेष्ट रकम विनियोजन गरेको छु ।

१३४. आधारभुत स्वास्थ्य सेवाको विस्तारका लागि न्यूनतम सेवा मापदण्ड व्यवस्थापन तथा अस्पताल सुदृढीकरण कार्यक्रमलाई प्राथमिकतामा राखि बजेट विनियोजन गरेको छु ।

१३५. किशोर किशोरीहरुलाई कुलतबाट बचाउन सुर्तीजन्य तथा मादक पदार्थ सेवन तथा लागुऔषध न्यूनीकरण कार्यक्रमलाई आवश्यक बजेट विनियोजन गरेको छु।

१३६. मधेश प्रदेशमा रहेको उच्च दरको आमा र शिशुको उच्च मृत्युदर न्यूनीकरण गर्न मातृ तथा नवजात शिशु स्वास्थ्य व्यवस्थापन प्रणाली :यतजभच बलम ऋजर्षमि ज्भबतिज :बलबनभभलत कथकतभ (:ऋ़ज़क) का लागि रू. १० करोड विनियोजन गरेको छु ।

१३७. मधेश प्रदेशमा बढ्दो स्वास्थ्य जोखिम र विरामीको अनुपातमा स्वस्थ्यकर्मीको संख्या न्यून रहेकाले प्रर्याप्त संख्यामा दरबन्दी सिर्जना गरी पदपुर्तिको प्रकृया अगाडी बढाउन मन्त्रालय तथा मातहतका निकायहरुको संगठन संरचनाको संगठन र व्यवस्थापन सर्वेक्षणको लागि रु. १ करोड विनियोजन गरेको छु ।

१३८. प्रदेशवासीको स्वास्थ्य अवस्थालाई सुधार गर्न तथा सम्भावित स्वास्थ्य जोखिमको न्यूनिकरणका लागि मुख्यमन्त्री घरदैलो स्वास्थ्य कार्यक्रम सञ्चालनलाई निरन्तरता दिएको छु ।

१३९. सुत्केरी र गर्भवती आमा तथा विधालय बालबालिकाको न्यूनतम पोषणको सुनिश्चितताका लागि सुत्केरी तथा गर्भवती आमा र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको लागि किशोरी हरुलाई साप्ताहिक Iron, Folic acid and Albendazole वितरणका लागि रू. ३ करोड विनियोजन गरेको छु ।

१४०. हरेक जिल्लामा पुर्ण सुसज्जित मेडिकल उपकरण सहितको मोबाईल एम्बुलेन्स व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१४१. स्वस्थ्य तथा जनसंख्या मन्त्रालय तर्फ रु ५ अर्ब २१ करोड ६५ लाख ०६ हजार विनियोजन गरेको छु ।

सार्वजनिक सेवा र सुशासन प्रबर्द्धन

माननीय सभामुख महोदय,

१४२. सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई पारदर्शिता सुनिश्चित गर्ने, प्रक्रिया सरलीकृत गर्ने, सेवाको समय र लागत घटाइनेछ । सूचना प्रविधिको विकास र विस्तार गरि सेवा प्रवाहलाई मुहाररहित, कागजरहित बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

१४३. कर्मचारीहरुको क्षमता अभिवृद्धि र जनप्रतिनिधिहरुको अभिमुखीकरण र विभिन्न नीतिगत विषयहरुमा अध्ययन अनुसन्धान गर्न गठित प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको सञ्चालन, भौतिक संरचना निर्माण, मर्मत सम्हार र आधुनिकीकरण गर्न बजेट विनियोजन गरेको छु ।

१४४. बजेट अनुशासन कायम गर्न मध्यमकालीन खर्च संरचना मार्फत बजेटलाई अनुमानयोग्य बनाइनेछ। आयोजनाको पहिचान, प्राथमिकिकरण र प्रतिफल सुनिश्चित हुने गरी आयोजना बैंकमा प्रविष्टि गरि रकम विनियोजन गरिनेछ। प्रदेश सरकारद्धारा प्रदान गरिने अनुदानलाई व्यवस्थित र प्रभावकारी बनाउन अनुदान कार्यविधि बनाई लागु गरिनेछ ।

१४५. नेपाल सरकारबाट सुनिश्चित गरेको तलवमान र भत्ता लाई प्रदेश सरकारका निजामती कर्मचारीहरुमा समेत लागु हुने गरी बजेट व्यवस्था मिलाएको छु । साथै आन्तरिक पर्यटन कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिएको छु ।

१४६. नागरिकले सार्वजनिक सेवा र विकास निर्माणका कार्यमा गरेका लगानी सम्बन्धी योगदानको सूचना राखिनेछ। साथै, सार्वजनिक खर्चबाट भएका क्रियाकलापहरुबाट स्थानीय स्तर नै सिर्जना भएका आन्तरिक रोजगारीको सूचना राखिनेछ।

१४७. प्रदेश सरकार अन्तर्गतका निकायहरुले कार्यान्वयन गर्ने विकास निर्माणका कार्यहरु खुला एवं प्रतिस्पर्धी खरिद विधि अनुसार गरिनेछ । ससाना सार्वजनिक निर्माणका कार्यहरु गर्नुपरेमा वित्तीय हस्तान्तरणको माध्यमबाट स्थानीय तह मार्फत कार्यान्वयन गर्ने नीति लिइनेछ । नागरिकको आयोजनाप्रति प्रतिको स्वामित्व र अपनत्वका लागि पारदर्शी कार्यान्वयन प्रक्रिया सहित नागरिक नेतृत्व सहजीकरण संयन्त्र परिचालन गरिनेछ ।

१४८. मधेश प्रदेशको स्वास्थ्य, सरसफाई र शिक्षाको अवस्थामा सुधार गर्न विशेष क्षेत्र लक्षित गरी लगानी खाँका ( Financial Framework) तयार गरी कार्यान्वयनमा ल्याइनेछ। यस अनुसार संविधानले प्रवन्ध गरेको विशेष अनुदान सम्वन्धी व्यवस्थालाई प्रभावकारी गराउन संघ र स्थानीय तहसँग समेत सहजीकरण र सहकार्य गरिनेछ ।

१४९. "मधेशको आधार पानी" लाई मधेश गौरबको रुपमा लिइनेछ । यस अनुसारका दिर्घकालीन र अल्पकालीन कार्यक्रमहरु परिपूरक गराइ कार्यान्वयनमा

बाँकी पृष्ठ ५ मा

राष्ट्रिय साप्ताहिक मधेशवाणी 

# वैदेशिक रोजगार विभागलाई आईटी आर्मीको ज्ञापन पत्र

काठमाडौं । आम जनता पाटी ( आजपा) निकटको आईटी आमीले वैदेशिक रोजगार क्षेत्रका पीडितहरुलाई न्याय दिलाउन काठमाडौंको ताहाचल स्थित वैदेशिक रोजगार विभाग घेराउ गर्दै ज्ञापन पत्र बुझाएको छ ।




आईटी आमीका अध्यक्ष चन्द्रभुषण साहको नेतृत्वमा विभिन्न मागहरु गर्दै वैदेशिक रोजगार विभाग अगाडि धर्ना तथा घेराउ गरिएको हो । वैदेशिक रोजगारीमा जाने कामदारसँग लिएको अवैध रकम फिर्ता गराउन तथा यस क्षेत्रका समस्याहरु समाधान गर्नुपर्ने माग गर्दै विभागका महानिर्देशक डण्डुराज घिमिरे मार्फत नेपाल सरकारलाई पुन: स्मरण (तागेदा) सहितको ज्ञापन पत्र बुझाएको हो ।

आईटी आमीका अध्यक्ष साहले विदेश जाने कामदारसँग अवैध ढंगले लिएको रकम फिर्ता गर्नुपर्ने, ठग मेनपावर र ऐजेंटलाई कारवाही गर्नुपर्ने, बेरोजगार युवाहरुलाई नेपालमै रोजगारी दिनुपर्ने, वैदेशिक रोजगार पीडितहरूलाई न्याय दिनुपर्ने, विदेशमा अल्पत्र परेकाहरुको उद्दार गर्नुपर्ने, असुरक्षित रोजगारीमा पठाउने अधिकारीलाई कारवाई गर्नुपर्ने, फ्री - भिसा फ्री - टिकट व्यवहारत: लागू गर्नुपर्ने, नीजी मेनपावरहरु खारेज गरी विदेशमा कामदार पठाउने जिम्मा राज्यले लिनुपर्ने, देशका भ्रष्ट शासक प्रशासक र लुटेरे दलाल व्यापारीहरुको अवैध पैसालाई कामदारको रगत पसीनाले साटिएको रेमिटेंसको रकमसँग हुण्डी मार्फत सट्टापट्टा गरी विदेशमा कालोधन थोपार्ने स्थितिको अन्त्य गर्नुपर्ने लगायतका माग सरकारले सम्बोधन नगरेकाले आन्दोलन गर्नुपरेको बताए । यस अघि वि।सं। २)८) साल भाद्र १३ गते आईटी आमीले ११ बुँदे माग सहित प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ज्ञापन पत्र समेत बुझाएका थिएँ ।

अध्यक्ष साहले भने, 'लाखौं लाख युवासँग खबौं रकम ठगी भइरहेको छ । ५, १) हजारको नाममा २ लाख, ५ लाख, १) लाख गरी लाखौंलाख अवैध असुली भइरहेको छ । विगत लामो समयदेखि भइरहेको असुलीलाई हामी रोक्न चाहन्छौं । असुली भएको रकम फिर्ता गराउन चाहन्छौं ।

उनले संविधानको धारा ३३ मा रोजगारीको हकलाई मौलिक हकका रुपमा समावेश गरिएपनि अहिलेको भगौडा दलाल वर्गको यो लुटकारी शासन सत्ताले युवाहरुलाई रोजगारीको अवसर दिन नसकेको तर देशभित्रको उद्योगहरुमा विदेशी कामदारहरुले अवसर पाइरहेको उनले बताए ।

साथै, उनले युवाहरुले विदेशमा दु:ख गरेर कमाएको रकम अवैध रुपमा हुण्डीमार्फत दुरुपयोग भइरहेको पनि बताए । नेपालका नेता, प्रशासक र अवैध व्यापारीहरुले हुण्डीमार्फत पैसा ल्याएर आफ्नो कालोधन विदेशमा थुपार्ने काम गरिरहेको उनको आरोप छ । नेताहरु विना लगानी मेनपावरको शेयर होल्डर बनिरहेको पनि उनले बताए । यस्ता प्रकारका दुष्चक्र अन्त्य हुनुपर्ने आईटी आमीको माग छ ।

'हाम्रा युवाहरुलाई आज मरुभूमिमा मर्न बाध्य बनाइएको छ । ती युवाहरुको खुनपसिनाले आर्जित रेमिट्यान्सलाई नेपालका भ्रष्ट नेताहरु, यहाँका प्रसाशकहरु र अवैध व्यापारीहरुले आफ्नो कालो धनलाई सट्टापट्टाको अस्त्रको रुपमा प्रयोग गरिरहेको सन्दर्भ छ' उनले भने । असुरक्षित श्रम स्वीकृतिका कारण विदेशमा ज्यान गुमाउने युवाहरुको मृत्यूलाई उनले 'राज्यद्वारा गरिएको हत्या' का रुपमा परिभाषित गरे । यसको जिम्मेवारी सरकारले लिनुपर्ने बताए ।

# जनता अवास कार्यक्रम अन्तर्गत निर्माणाधीन घरहरूको भुक्तानी गर्न माग

रौतहट । रौतहटमा जनता अवास कार्यक्रम अन्तर्गत निर्माणाधीन घरहरुको भुक्तानी एवं पथरा बुधरामपुरको भकुवा खोलामा अधुरो पुलको काम सम्पन्न गर्न माग गर्दै स्थानीय संघर्ष समितिले ज्ञापनपत्र बुझाएको छ ।

आम दलित मोर्चाका अध्यक्ष एवं मौलापुर नगरपालिका संघर्ष समितिका संयोजक ठागा दासको नेतृत्वमा रहेको टोलीले रौतहटका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको हो ।

ज्ञापनपत्र बुझाउँदै उनीहरुले समस्याको समाधान र सम्बन्धित निकायले कुनै चासो नलिए आउँदो ११ असारदेखी गौर स्थित पूर्वाधार विकास कार्यालयमा तालाबन्दी गर्ने चेतावनी समेत दिएका छन् ।

जनता अवास कार्यक्रम अन्तर्गत मौलापुर नगरपालिकामा निर्माणाधीन घरहरूको भुक्तानी एवं पथरा बुधरामको भकुवा खोलामा अधुरो पुलको काम सम्पन्न गराउन संघर्ष समिति मौलापुरले माग गर्दै आएको छ । तर सम्बन्धित निकाले चासो नदिएपछि उनीहरुले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएका हुन् ।

आम जनता पार्टी (आजपा) निकटको आम दलित मोर्चाका अध्यक्ष ठागा दास, युवा नेता लखिन्दर यादव, मौलापुर नगरका प्रवक्ता चन्देश्वर बैठा, आम दलित मोर्चाको सह-इन्चार्ज बिरचन राम, आजपाको नेता लखिन्दर साह र आम विद्यार्थी मोर्चाको अध्यक्ष विवेक साह लगायत नेताहरुद्वारा ज्ञापनपत्र बुझाउन गौर पुगेका थिए ।

# मधेश प्रदेश...

लगिनेछ। यस क्षेत्रलाई उर्वर बनाउने शक्तिको रुपमा मधेशका नदीहरु जोड्ने आन्तरिक नहर (Inter– Basin River Canal) परियोजना शुरु गरिनेछ । यस परियोजनाबाट मधेशको जीवनरेखा (Life Line) को रुपमा रहेका वागमती - कमला - रातु नदीहरुलाई जोड्ने गरी चुरेको फेदीमा वृहद् नहरको निर्माण शुरु गरिनेछ। यसका लागि चालु आर्थिक वर्षमा संभाव्यता अध्ययन गर्ने रु. १ करोड वजेट छुट्याएको छु । यस परियोजनाका लागि प्रदेशबाट स्थानीय तहमा कार्यान्वयनमा जाने आयोजनाहरुलाई बजेटमा समावेश गरी विषयगत मन्त्रालयहरु प्रगति लक्ष्यका लागि जिम्मेवार हुने गरी वित्तीय हस्तान्तरण खास विधिमा आधारित भई वितरण गरिएको छ ।

१५०. सबै पालिकाहरुलाई राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिश अनुसार रु १ अर्व १८ करोड ८ लाख ४० हजार प्रदान गरिनेछ ।

१५१. स्थानीय तह आफैले आयोजना छनौट गर्ने गरी मधेशको सुख्खाग्रस्त समस्याको सम्बोधन गर्न महानगरपालिकालाई रु १ करोड ७५ लाख, उपमहानगरपालिकाहरुलाई प्रति उपमहानगरपालिका रु १ करोड २५ लाख, नगरपालिकाहरुलाई प्रति नगरपालिका रु ९५ लाख र गाउँपालिकाहरुलाई प्रति गाउँपालिका रु ८० लाखका दरले जम्मा रु १ अर्व २१ करोड ७५ लाख अनुदान प्रदान गरिनेछ। यसै गरी मधेशको सामाजिक विकास सूचकांङ्कमा कमजोर रहेको स्वास्थ्य र सुख्खा क्षेत्रको समस्याको सम्बोधन गर्ने गरी पालिका आफैले परियोजना छनौट एवं कार्यान्वयन गर्ने गरी प्रति पालिका रु ३० लाखका दरले विशेष अनुदान र रु २० लाखका दरले समपुरक अनुदान प्रदान गरिनेछ । यसका लागि रु ३ अर्व ७ लाख ६३ हजार अनुदान प्रदान गर्ने गरी बजेटको व्यवस्था गरेको छु। यसबाट सही अर्थमा वित्तीय संघीयताको सिद्दान्त अनुसार प्रदेशले स्थानीय सरकारहरुलाई सहजीकरण गरेको सन्देश प्रवाह गरिनेछ ।

माननीय सभामुख महोदय,

अब म क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१५२. आगामी आर्थिक वर्षका लागि कुल खर्च रु. ४३ अर्व ८९ करोड २१ लाख ७० हजार विनियोजन गरेको छु । कुल विनियोजनमध्ये चालुतर्फ रु. १६ अर्व ०७ लाख ०१ हजार अर्थात् ३६.४५ प्रतिशत, पुंजीगततर्फ रु. २७ अर्ब ८९ करोड १४ लाख ६९ हजार अर्थात् ६३.५५ प्रतिशत । यो खर्च अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा प्रतिशतले ०.५० प्रतिशत घटी हो ।

१५३. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु. ९ अर्ब ०७ करोड ३० लाख, वित्तीय हस्तान्तरण अनुदान तर्फ वित्तीय समानीकरण अनुदानबाट रु. ७ अर्ब ७९ करोड ९२ लाख तथा शर्त अनुदानबाट रु. ३ अर्ब ५५ करोड ७८ लाख हजार गरी जम्मा रु. ११ अर्ब ३५ करोड ७० लाख, संघिय राजस्व बाँडफाँटबाट रु. १३ अर्ब ६० करोड र गत वर्षको नगद मौज्दातबाट रु. ७ अर्ब ८६ करोड २१ लाख ७० हजार व्यहोर्दा रु. २ अर्ब न्यून हुनेछ । सो न्यून पूर्ति गर्न आन्तरिक ऋणबाट रु. २ अर्ब जुटाइनेछ। राजस्व, वित्तीय हस्तान्तरण, नगद मौज्दात र संघिय बाँडफाँटबाट प्राप्त श्रोत परिचालन गर्दा नपुग हुने रकम आन्तरिक ऋणबाट व्यहोरिनेछ।

माननीय सभामुख महोदय,

अब म आगामी आर्थिक वर्ष २०८१/८२ को राजश्व परिचालन नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१५४. राजश्व प्रशासन महाशाखा सुदृढीकरण गरी कर तथा गैर कर चुहावट न्यूनीकरण गरिने गर्ने व्यवस्था मिलाएको छु ।

१५५. प्रदेशको राजश्व अभिबृद्धिको लागि गरिएको अध्ययन अनुसन्धान प्रतिवेदनको सुझावहरुलाई प्राथमिकता निर्धारण गरी क्रमश: कार्यान्वयन गर्ने व्यवस्था मिलाएकोछु ।

माननीय सभामुख महोदय,

१५६. आर्थिक वर्ष २०७९/८० को यथार्थ खर्च, आर्थिक वर्ष २०८०/८१ को संशोधित अनुमान र आर्थिक वर्ष २०८१/८२ को अनुमानित आय व्ययको विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु ।

१५७. मैले प्रस्तु गरेको बजेटको कार्यान्वयनबाट उपलब्ध स्रोत र साधनको अधिकत्तम उपयोग र समन्यायीक वितरण भई नागरिकको जीवनस्तरमा सुधार हुने र उच्च तथा फराकिलो आर्थिक बृद्धि हुने अपेक्षा गरेको छु । सार्वजनिक सेवा प्रवाहको प्रभावकारितामा अभिबृद्धि भई सुशासन प्रबर्द्धनमा सहयोग पुग्ने विश्वास लिएकोछु। सरोकारवाला सवैको रचनात्मक सहयोग, सुझाव र सहकार्यको अपेक्षा गरेको छु ।

१५८. अन्त्यमा, समृद्ध मधेश ध्येयका साथ ल्याईएको यस बजेट तर्जुमाको क्रममा दिशानिर्देश गर्नु हुने माननीय प्रदेश प्रमुखज्यू माननीय मुख्यमन्त्रीज्यू, माननीय सभामुख/उपसभामुखज्यू, माननीय मन्त्रीज्यूहरु, माननीय प्रदेश सभा सदस्यज्यूहरु, प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्षज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। साथै बजेट निर्माणका क्रममा सुझाव प्रदान गर्नु हुने राजनैतीक दलहरु, अर्थविद्, विभिन्न क्षेत्रका विषय विज्ञहरु, राष्ट्रसेवक कर्मचारीहरु, नीजि क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, गैर आवासिय नेपाली नागरिकहरु,विकास साझेदार राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्थाहरु र आम नागरिकहरु प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

साथै प्रस्तुत बजेटको सफल कार्यान्वयनबाट प्रादेशिक हित, एकता र स्वाभिमानमा अभिवृद्धि भई संघीयता संस्थागत हुनमा सघाउ पुग्ने र प्रभावकारी गुणस्तरीय सेवा प्रवाह हुने तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै क्षेत्रबाट योगदान हुने विश्वास लिएको छु ।

धन्यवाद ।

## मधेश अपडेट

### मधेश प्रदेशको नीति तथा योजना आयोगको उपाध्यक्षमा डा.सोहन नियुक्त



जनकपुरधाम । जनमत पार्टी नेतृत्वको मधेश प्रदेश सरकारले नीति तथा योजना आयोगको उपाध्यक्षमा डा. सोहन साहलाई नियुक्त गरेको छ । मधेशका मुख्यमन्त्री सतिश कुमार सिंहले बिहीबार डा.साहलाई नीति तथा योजना आयोगमा नियुक्त गरेका हुन् । डा. साह यसअघि जनमत पार्टी सरकारमा रहँदा उसको कोटामा नीति तथा योजना आयोगको सदस्य भएका थिए । जनमतले ९ माघमा सरकार छाडेपछि तत्कालीन जसपा नेपालको सरकारले डा.साहलाई बर्खास्त गरेको थियो ।

### नेजपाले गौ हत्या र धर्म-परिवर्तन सम्बन्धमा सीडियोलाई ज्ञापन पत्र बुझायो

वीरगन्ज । नेपाल जनता पार्टी(नेजपा) पर्सा जिल्ला समितिले गौ हत्या वा तस्करी, धर्म-परिवर्तन र सरकारी एवम निजी क्षेत्रमा हिन्दू देवी देवताको फोटो दुरूपयोगबारे पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसाललाई ज्ञापन-पत्र बुझाएको छ । हिन्दू समाजका सोझासाझा आमाबुवा, दाजुभाई, दीदीबहीनीलाई रोग निको गर्ने बहानामा विभिन्न प्रलोभन दिन क्रिष्चन बनाउने कार्य भइरहेको हुँदा सो समूहलाई पक्राऊ गरी कडा कारबाही गर्न नेपाल जनता पार्टी जिल्ला समिति पर्सा माग गरेको छ । धरै धर्म-परिवर्तन समाज र मुलुकका लागि राम्रो संकेत होइन । साथै लुकिछिपी गौ हत्या र तस्करी भइरहेको बारे समेत प्रजिअलाई नेजपाले ध्यानाकर्षण गराएको थियो । सनातन हिन्दू समाजले गौलाई माताको रुपमा पूजापाठ गरेका छन् । साथै सरकारी, गैर सरकारी, निजी क्षेत्रले हिन्दू देवी देवताको फोटोलाई दुरूपयोग गरिरहेकोबारे समेत ध्यानाकर्षण नेजपाले गराएको थियो । नेपालको संबिधानले धर्म-परिवर्तन, गौ हत्या वा तस्करी, सरकारी वा निजी क्षेत्रमा हिन्दू देवी देवताको अपमान गर्यो भने कड़ा कानूनी कारवाहीको व्यवस्था रहेकोले गलत कार्य गर्नेलाई कारवाही गर्न माग नेजपा गरेको छ । नेजपाका केन्द्रीय वरिष्ठ नेता संतोषानन्द महाराज, केन्द्रीय सदस्य अधिवक्ता बिनोद कुर्मी, मधेश प्रदेश समिति सदस्यहरु पारस दुबेदी, रामप्रसाद कुर्मी, विभा साह, पर्सा जिल्ला अध्यक्ष अनिल कुर्मी, उपाध्यक्ष धीरज साह, महामंत्री नवीन मिश्रा, जिल्ला सदस्यहर संतोष कुशवाहा, प्रमोद शर्मा, पिउस गुप्ता, सामंत कुमार दीप सहभागी रहेका थिए । ज्ञापन-पत्र बुझ्दै प्रजिअले दोषीलाई कानूनी बमोजिम कारवाही गर्ने र आफ्नो तर्फबाट रचनात्मक भूमिका निर्वाह गर्ने वाचा गरेका छन् ।

### बुद्धभूमिमा स्वास्थ्य र कृषिलाई प्राथमिकता

कपिलवस्तु । शिक्षा, स्वास्थ्य र कृषिलाई प्राथमिकता दिँदै कपिलवस्तुको बुद्धभूमि नगरपालिकाले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट सार्वजनिक गरेको छ । नगरपालिकाको १५औं नगरसभाले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि रु. १ अर्ब २० करोड ३२ लाख ९६ हजार रुपैयाँ बराबरको कुल आय अनुमान गरी सोही बराबर खर्च गर्ने गरी आय तथा व्ययको अनुमानित बजेट सार्वजनिक गरेको हो । 'खुशी नगरबासी : संबृद्ध बुद्धभूमि' भन्न नारासहित नीति तथा कार्यक्रम सार्वजनिक गरिएको हो । सभामा मेयर केशव कुमार श्रेष्ठले वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । नगरका गौरवका योजना तथा अधुरा योजना, सामाजिक आर्थिक तथा पूर्वाधार निर्माणसँगै गुणस्तरीयतामा बृद्धि, कृषि तथा पशु विकासको आधुनिकीकरण प्रविधिमैत्री गुणस्तरीय सेवा आत्मनिर्भर र उद्यमशीलतामा जोड र साझेदारीलाई प्राथमिकतामा राखिएको मेयर श्रेष्ठले बताए । नीति तथा कार्यक्रममा उत्पादकत्व अभिवृद्धि गर्ने, आन्तरिक रोजगारी प्रवर्द्धन र श्रमको सम्मानमा जोड दिने महत्वपूर्ण योजना सार्वजनिक गरिएको हो । त्यस्तै विपदको सम्बोधन र स्वास्थ्य क्षेत्रको सुधारमा जोड दिने, सामाजिक सुरक्षा तथा संरक्षणको प्रत्याभूति दिलाउने, नगर गौरवका योजना, अधुरा तथा निरन्तर योजनालाई प्राथमिकता दिने, सुशासन अभिवृद्धि गर्ने र समन्वय तथा साझेदारी प्रवर्द्धन गर्ने उद्देश्यसहित नीति तथा कार्यक्रम सार्वजनिक भएका छन् । आगामी आर्थिक बर्ष दमकल खरिदकालागि एक करोड बजेट बिनियोजन गरिएको छ । यस्तै शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रमा समेत बजेट बृद्धि गरिएको छ । संघीय सरकारले बजेट कटौती गरे पनि नगरपालिकामा बजेट केही भए पनि थप गरी बिनियोजन गरिएको मेयर श्रेष्ठले बताए । उपमेयर मीरा थारुले बिनियोजन बिधेयक २०८१ प्रस्तुत गरेकी थिइन । कार्यक्रममा ७ वटा बिधेयक प्रस्तुत गरिएको थियो । आर्थिक ऐन २०८१, दररेट २०८१, स्वास्थ्य सेवा ऐन, भौतिक पुर्वाधार तथा ब्यवस्थापन ऐन रोजगार रणनीति २०८१ देखि २०८५ र बिनियोजित ऐन २०८१ प्रस्तुत गरिएको थियो । बिनियोजन र दररेट उप मेयर थारु र बाकी बिधेयक बिधेयक समितिका संयोजक संदीप कुमार पाण्डेयले प्रस्तुत गरेका थिए । कार्यक्रम र बिस्तृत बजेटको बिवरण आउने असार १५ भित्र सार्वजनिक गर्ने कार्यक्रम छ ।

### मैथिल पत्रकार परिषदको अध्यक्षमा यादव

राजविराज । मैथिल पत्रकार परिषदको अध्यक्षमा पत्रकार सौरभ यादव चयन भएका छन् । शनिबार राजविराजमा मैथिली साहित्य परिषदको बसेको कार्यसमिति बैठकले मैथिल पत्रकार परिषदको नयाँ कार्यसमिति चयन गरेको हो । परिषदका अध्यक्ष अवधेश झाका अनुसार उपाध्यक्षमा पुनम पोखरेल, सचिवमा प्रवेश मिश्र(बाबुल), उपसचिवमा रुपेश यादव र कोषाध्यक्षमा रुबी मिश्र चयन भएका छन् । पत्रकार परिषदको सदस्यहरू उमेश साह, श्रवण मिश्र, आनन्दमोहन शर्मा, पिन्टु यादव, नवीन यादव र भगवानलाल यादव चयन भएको परिषदका अध्यक्ष झाले जानकारी दिए ।

# थारू भाषा संरक्षण गर्न साझा मानक भाषा बनाउनुपर्छ: मन्त्री चौधरी

काठमाडौं । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगबती चौधरीले थारु भाषा, संस्कृतिको संरक्षण गर्न साझा मानक भाषा बनाउनुपर्ने बताएकी छन् । थारु कल्याणकारी सभा केन्द्रीय समितिले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सहयोगमा काठमाडौंमा आयोजना गरेको "थारु भाषा संस्कृति सम्बन्धी अन्तरक्रिया कार्यक्रम"लाई सम्बोधन गर्दै मन्त्री चौधरीले त्यस्तो बताएकी हुन् ।

संस्कार संस्कृतिको रक्षा गर्नु सबैभन्दा पहिले सोही समुदायको दायित्व बढी हुने भन्दै उनले त्यसपछि राज्य र समाजको हुने बताइन् ।

थारु जाति भाषा, संस्कृति, संस्कारले सम्पन्न तराईको आदिवासी भएको भन्दै उनले ती कुराको संरक्षण गर्नु आवश्यक रहेको बताइन् । ठाउँ अनुसार केही केही शब्दहरू फरक रहने गरेको भन्दै मन्त्री चौधरीले भाषाको संरक्षणका निम्ति ती कुराहरूमा एकरूपता ल्याउन मानक भाषा बनाउनै पर्ने बताइन् । 'भाषा नरहेमा त्यो जातिको अन्य कुराहरू बिस्तारै हराउँदै जान्छन् । त्यसैले हामीले भाषाको संरक्षणलाई प्राथमिकता दिनुपर्छ । थारु भाषाको लिपिको विषयमा पनि एउटा निष्कर्ष निकाल्न आवश्यक छ', मन्त्री चौधरीले भनिन्, 'भाषा संरक्षण गर्न सबैको भूमिका उत्तिकै हुनुपर्छ । ठाउँअनुसार भाषामा केही केही कुरामा भिन्नता छन् । तथापि हामीले त्यसलाई मानक भाषाका रूपमा एकरूपता ल्याउन आवश्यक छ । त्यो एकदमै जरुरी छ ।' उनले थारु जातिभित्रको भाषा, संस्कार, संस्कृतिभित्रको विविधतालाई पनि कसरी एकरूपता खोज्ने भन्ने कुरामा ध्यान दिन आवश्यक रहेको बताएकी छन् ।

सोझो जातिको रूपमा चिनिने थारु जातिलाई विगतमा सोझोपनको फाइदा उठाएर जमिनदारबाट सुकुम्वासी बनाएको उदाहरण दिँदै उनले आर्थिक गतिविधि पनि बढाउनुपर्ने बताइन् । 'हामी अब आर्थिक गतिविधिमा बढी भन्दा बढी सहभागी हुनै पर्छ । किनभने जो आर्थिक गतिविधिमा सहभागी नै हुँदैन त्यो कसरी सम्पन्न बन्न सक्छ ?', उनले भनिन्, 'अन्य समुदायसँग घुलमिल नहुँदासम्म आर्थिक गतिविधिमा वृद्धि हुँदैन । जसले गर्दा गरिबी न्यूनीकरण पनि हुन सक्दैन ।'

मन्त्री चौधरीले जन्मदेखि मृत्यु पछिसम्मको संस्कारको संरक्षण गर्न सबैले विशेष ध्यान दिनुपर्ने बताइन् ।

त्यस्तै उनले विभिन्न बहानामा थारु जातिलाई फुटाउने कोसिस भइरहेको भन्दै फुटलाई रोक्नुपर्ने बताइन् । 'हिजो राना थारु छुट्टिन खोज्दा हामीले छलफल गरेर नछुट्टिन आग्रह गऱ्यौं । तर उहाँहरू छुट्टिएर जानुभयो । अहिले खवास थारुले निवेदन दिएको कुरा आएको छ', मन्त्री चौधरीले भनिन्, 'यसरी त थारु जातिको जनसङ्ख्या न्यून हुँदै जान्छ । जनसङ्ख्या कम हुनु भनेको समग्रतामा शक्ति कम हुनु हो । यो कुरा सबैले बुझ्न आवश्यक छ ।'


- सडक हाम्रो साझा सम्पत्ति हो, संरक्षण गरौं ।
- सडकमा निर्माण सामग्री नथुपारौं ।
- सडकको सीमा अतिक्रमण गरी घर टहरा निर्माण नगरौं ।
- सडक क्षमताभन्दा बढी भार प्रयोग नगरौं ।
- सडक लिकेज भएका खानेपानी पाइप तथा ढलको समयमै मर्मत गरौं ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
आयोजना निर्देशनालय (ए.डी.बी.)


# नागरिक पत्रकार समाजको केन्द्रीय तदर्थ कमिटी गठन




काठमाडौं । अश्विन दानीको नेतृत्वमा नागरिक उन्मुक्ति पार्टीको भातृ संगठन 'नागरिक पत्रकार समाज' गठन भएको छ । दानीको संयोजकत्वमा ३१ सदस्यीय तदर्थ कमिटी गठन भएको हो । बुधबार पार्टीका अध्यक्ष रन्जिता श्रेष्ठ चौधरीको अध्यक्षतामा पार्टी कार्यालय महाराजगंजमा बसेको बैठकले दानीको नेतृत्वमा पत्रकारहरुको तदर्थ कमिटी गठन गरेको हो ।

दानीको नेतृत्वमा गठन भएको कमिटीमा शिवम मिश्र, प्रिंयका कामत, संजिव कुमार झा, शान्ति घतराज (बराइली), चत्र, प्रसाद पोखरेल, प्रत्युष लगुन, नरेन्द्र बिष्ट, दिपक बिसी, अतित पोखरेल, सुशान्त घिमिरे, पंकज मिश्र, अनुसा सिजापति, आनन्द शर्मा, चंदन प्रसाद पटेल, आरती ठाकुर, सन्दिप शर्मा, मदन शाही, ऋषी वाग्ले, शम्भुप्रसाद थारु, जीवन डंगोल, नरेश चौधरी, सुसन रामदाम, आदित्य अजय, निरज झा, जुगेश दास, मोहन बराइली, किशोरी प्रजापति, आदर्श कटवाल रहेका छन् । कमिटीले तत्काल अर्को बैठकमा प्रथम महाधिवेशन तथा विद्यान अधिवेशनको मिति तोक्ने र संगठनको बिस्तार गर्ने संयोजक दानीले बताए । 'हामीले अहिले भर्खरै कमिटीको बिउ मात्रै छरेका छौं, रोपेका मात्रै हौं । यसलाई मलजल गरेर थुप्रै कामहरु गर्नुपर्नेछ । पत्रकारितामा नयाँ पुस्ता, नयाँ जोश र जाँगर भएका सम्पूर्ण साथिहरुलाई साथमा समेटेर अग्रजहरुको सल्लाह र सुझाव अनुसार पत्रकारिताको माध्ययमबाट पेशागत मुल्य, मान्यता, आचारसंहिता र मर्यादामा रहँदै पार्टीका निम्ती काम गर्नेछौं', दानीले भने ।

पत्रकारहरुको हकहितका निम्ति काम गर्ने भनेर खोलिएका थुप्रै संगठनहरु भएतापनि श्रमजीवि र कलमजीविहरुका पक्षमा काम नगर्दा बास्तविक पत्रकारहरुले समस्या झेल्दै आउनु परेको दानीको तर्क छ ।

उनले भने, 'नेपाली पत्रकारिताको इतिहासदेखि वर्तमान र भविष्य नियाल्दा पत्रकारहरुका पक्षमा काम गर्ने, आवाज उठाउने भनेर खोलिएका संस्थाहरुले बास्तविक पत्रकार, श्रमजीविहरुका पक्षमा काम गरेका छैनन् । तर, पत्रकारका पेशागत थुप्रै चुनौतीहरु छन् । त्यसका लागि एउटा योजना बनाएर अब हामीले नागरिक पत्रकार समाज देशभरका पत्रकारहरुको साझा संस्था/आफ्नो संस्था हो भन्ने भावना जागृत हुने गरि काम गर्नेछौं ।' देशैभरबाट पत्रकारहरुलाई यस संगठनमा आवद्धता हुनका लागि संयोजक दानीले आव्हान पनि गरेका छन् ।

पार्टी अध्यक्ष चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा पार्टी उपाध्यक्ष शिव कुमार बास्तोला, राजेश अधिकारी, केन्द्रिय सदस्य एवं प्रतिनिधि सभा सदस्य अरुण कुमार चौधरी, पार्टी केन्द्रिय सदस्य जीवछ यादव, केन्द्रिय सदस्य तिर्थ बोहोरा, बागमति प्रदेक कमिटी संयोजक डिबि तामाङ, लगायत पार्टीका प्रदेश कमिटीका नेताहरुको पनि उपस्थिती रहेको थियो ।

पार्टी अध्यक्ष चौधरीले सबैलाई बधाई तथा शुभकामना प्रदान गर्दै पेशागत धर्म निभाउँदै पार्टीको निती, बिधान र सिद्धान्त अनुसार काम गर्न निर्देशन दिएकी थिइन् ।

'पत्रकारिता पेशा राष्ट्रको चौथो अंग पनि भएकाले देशको बिकास र सम्बृद्धिका लागि तपाईंहरुको बिशेष भूमिका हुन्छ । आज देशको पहिचानको रक्षा गर्दै, पहिचानका आधारमा संघियता कार्वान्वयन गर्दै, शुसासन र भ्रष्ट्राचाररहित बिकसित देशको परिकल्पना गरेर नेपालको बैकल्पिक शक्तिशाली राजनीतिक शक्ति बन्ने तरिकाले हाम्रो पार्टी लागिरहेको छ । यस अभियानमा पत्रकार साथिहरुको विशेष भूमिका रहन्छ भन्ने कुरामा म विश्वस्त छु ।'


## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



बसबरीया गाउँपालिका
सर्लाही, मधेश प्रदेश

# विधि र विधानको वकालत गर्ने माधव नेपालको पार्टीमा प्रतिनिधि छनौट मनोमानी भएपछि बहिष्कार




कलैया । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को १०औं महाधिवेशनका लागि बारामा प्रतिनिधि छनौट मनोमानी रुपमा भएको छ । पार्टीको विधि, विधान र प्रक्रियालाई लत्याउँदै मनोमानी प्रतिनिधि छनौट गरिएपछि पार्टीकै नेताहरुले बहिष्कार गरेका छन् ।

बाराको परवानीपुर-५, बहुअरीस्थित धर्मशालामा आज बारा क्षेत्र नं. ४ को प्रतिनिधि चयन गर्ने भनिएको थियो ।

प्रतिनिधि छनौट प्रक्रिया अन्तरगत मंगलबार नै मतदाता नामावली सार्वजनिक गर्नुपर्ने थियो । तर मतदाता नामावली नै सार्वजनिक नगरी र उम्मेदवारी दिने मौका नै नदीई मनोमानी रुपमा प्रतिनिधि छनौट गरिएको छ ।

बारा ४ का लागि पार्टीको तर्फबाट प्रतिनिधि छनौटका लागि संयोजक तोकिएका कृष्णकुमार (किसान) श्रेष्ठले आफ्नो खल्तीबाट एक लिष्ट निकालेर बाचन गर्न थालेपछि सहभागि नेताहरुले बहिष्कारको चेतावनी दिएका थिए । तर उनले 'जे मन लाग्छ त्यही गर्नु, यही हो प्रतिनिधिको अन्तिम नामावली' भन्दै कार्यक्रम स्थलबाट हिडेका थिए ।

बारा ४ मा एकीकृत समाजवादीका २ हजार ११ संगठित सदस्य छन् । तर प्रतिनिधि छनौटका लागि भएको भेलामा ५० देखी ६० जनामा मात्रै सहभागि भएका थिए । भेलामा सहभागि एकीकृत समाजवादी बाराका सदस्य सुभाष साहले विधि, प्रक्रिया विपरित मनोमानी तरिकाले गरिएको प्रतिनिधि छनौट कार्यको विरोध भएको बताए ।

'दुई हजार भन्दा बढी संगठित सदस्य बारा निर्वाचन क्षेत्र नं. ४ मा छन् । तर सबैलाई खबरै नगरी ५०/६० जना मात्रै सहभागि थिए । प्रतिनिधि छनौट प्रक्रिया अनुसार मंगलबार नै मतदाता नामावली सार्वजनिक गर्नुपर्ने हो, तर त्यो भएन ।

मतदाताको नामावली नै सार्वजनिक गरिएन' साहले भने, 'उम्मेदवारी दिने समयमा उम्मेदवारी दिने कार्यक्रम पनि भएन् । कतिपयले उम्मेदवारी दिने तयारीमै थिए ।

सर्वसम्मतको नाममा मनोमानी भयो । जो संगठित सदस्य हुन तिनले आफ्नो प्रतिनिधि आफै छान्न पाएनन् ।'

भेलामा सहभागि अर्का युवा नेता शम्भु यादवले सर्वसम्मतको नाममा गोजीको मान्छे ल्याउँन खोजिनु पार्टी हितविपरितको काम भएको बताए । प्रतिनिधि छनौट अघि क्षेत्रिय कमिटीको बैठक बस्नुपर्ने, मतदाता नामावली सार्वजनिक गर्नुपर्ने, उम्मेदवारी दिन पाउँनुपर्ने सबै प्रक्रिया मिचिएको यादवले जनाए ।

'यस्तो पाराले पार्टीको हित हुदैन् । कुनै व्यक्तिका लागि पार्टीको विधान, नीति, प्रक्रिया नै मिच्ने काम गर्नु गलत हो ।

सिमित व्यक्तिको स्वार्थका लागि पार्टीका हजारौ सदस्यहरुको अधिकार खोस्नु राम्रो होईन' यादवले भने, 'पार्टीले तोकेको संयोजकले नै आफूखुशी गर्न थालेपछि पार्टीले न्याय गर्नुपर्छ ।'

एकीकृत समाजवादी बाराको फेटा गाउँपालिका सचिव समेत रहेका अमिरका साहले भेलामा सहभागि नै नभएको व्यक्ति प्रतिनिधि हुनुले मनोमानी गर्न खोजिएको स्पष्ट भएको बताए । पार्टीहित विपरित काम गर्ने व्यक्तिलाई केही नेताले च्याप्न खोज्दा पार्टीको हित नहुने उनले बताए ।

एकीकृत समाजवादीका बाराका सदस्य रामसुन्दर प्रसाद साहले समेत मनोमानी नगर्न सुझाव दिदै बैठकमै विरोध गर्दै गरेका थिए । तर सहभागिहरुको कुरा नसुनेर जबरजस्ती गरिएपछि उनले सो बारेमा पार्टीमा उजुरी समेत गरेका छन् । प्रक्रिया विपरित मनोमानी प्रतिनिधि छनौट गरेपछि पार्टीमा निवेदन दिदै प्रक्रिया अनुसार पुन: प्रतिनिधि छनौट हुनुपर्ने माग समेत गरेका छन् ।

बारा ४ मा मनोमानी रुपमा प्रतिनिधि छनौट गरिएपछि प्रक्रिया पुर्याएर प्रतिनिधि छनौट गर्न माग गर्दै उजुरी समेत परेको छ । अगामी असार १६ गतेदेखि २० गतेसम्म हुने पार्टीको १० औ केन्द्रीय महाधिवेशनका लागि प्रतिनिधि छनौट देशैभरी भईरहेको छ ।

प्रतिनिधि छनोटका लागि बारा निर्वाचन क्षेत्र नं १ र २ बाट ५-५ जना निर्वाचन क्षेत्र नं ३ बाट ७ जना र निर्वाचन क्षेत्र नं ४ बाट १६ जना प्रतिनिधि छनोट हुनुपर्छ । साथै मजदुर क्षेत्रबाट १ छनोट हुनेछन् ।

प्रतिनिधि छनोटको क्रममा महिला, दलित र युवाको सहभागिता अनिवार्य गरिएको छ । जिल्लाबाट छनोट भएका प्रतिनिधिहरू पार्टीको १० औ केन्द्रीय अधिवेशनमा केन्द्रीय कमिटी चयन प्रक्रियामा सहभागि हुनेछन् ।




## जिल्ला समाचार

### पूर्वाधार विकास कार्यालयमा तालाबन्दी गरेर संघर्ष समितिद्वारा धर्ना

रौतहट । आम जनता पार्टी (आजपा) निकटको आम दलित मोर्चाले रौतहटमा जनता अवास कार्यक्रम अन्तर्गत निर्माणाधीन घरहरुको भुक्तानी गर्नुपर्ने माग गर्दै आन्दोलन गरिरहेको छ । मोर्चाले रौतहटको गौर स्थित पूर्वाधार विकास कार्यालयमा तालाबन्दी गरेर धर्ना दिईरहेको छ । मोर्चाका अध्यक्ष एवं जनता अवास कार्यक्रम संघर्ष समिति मौलापुरका संयोजक ठागा दासको नेतृत्वमा आन्दोलनका कार्यक्रम निरन्तर अगाडी बढीरहेको छ । संघर्ष समितिले पूर्वाधार विकास कार्यालयमा तालाबन्दी गरेर धर्ना जारी राखेपछि सरोकारवाला बीच आज बार्ता समेत भईरहेको छ । जनता अवास कार्यक्रम अन्तरगत निर्माण भईसकेका घरको भुक्तानी गर्ने र त्यसको अनुगमन गर्ने तयारी भईरहेको छ । मधेस प्रदेशका सांसद समेत रहेका जनता अवास कार्यक्रम रौतहटका संयोजक जयचन्द पटेलले निर्माण भईसकेका घरको अनुगमन गरेर भुक्तानी गर्नुपर्नेमा सहमत छन् । पटेल सहित सरोकारवाला एवं आन्दोलनरत पक्षका बीचमा छलफल भएको विद्यार्थी मोर्चाका अध्यक्ष विवेक साहले जनाएका छन् । 'यस अघिको मधेस सरकारले जनताको आवाज नसुनेको र गरिब दलितको निर्माण भईसकेको घरको भुक्तानी गरेन् । कतिपय घर निर्माण भईरहेकै अवस्थामा अधुरो छोड्यो । हामीले निर्माण भईसकेका घरहरुको भुक्तानी हुनुपर्ने र अधुरो छोडिएका घरको निर्माण यथासिघ्र सुरु गर्नुपर्ने माग गरेका छौं' साहले भने । रौतहटको बगही, पतौरा, मौलापुर, मर्यादपुर, पथरा, बुधरामपुर लगायतका गाउँमा जनता अवास कार्यक्रम अन्तरगत निर्माण भईसकेको घरको भुक्तानी गर्न बाँकी रहेको छ । यस्तै कतिपय ठाउँमा अधुरो अवस्थामै घर निर्माणको काम छोडिएकाले त्यसलाई पुरा गर्नुपर्ने संघर्ष समितिका संयोजक दासले जनाएका छन् । यसअघि आम दलित मोर्चाका अध्यक्ष एवं संघर्ष समितिका संयोजक ठागा दासको नेतृत्वमा रौतहटका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको थियो । जनता अवास कार्यक्रम अन्तरगत निर्माण भईसकेका घरको भुक्तानी एवं अधुरो छोडिएका घरको निर्माण सम्पन्न गर्नुपर्ने, पथरा बुधरामपुरको भकुवा खोलामा अधुरो पुलको काम सम्पन्न गर्नुपर्ने लगायतका माग समितिले गरेको छ । तर सम्बन्धित निकाले चासो नदिएपछि आन्दोलनका कार्यक्रम अगाडी बढाईएको हो ।

### राजस्व अभिवृद्धि तथा चुहावट नियन्त्रण सम्बन्धी गोष्ठी सम्पन्न

मोरङ । उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेको प्रमुख आतिथ्यमा आइतबार आयोजित कार्यक्रमबीच राजस्व अभिवृद्धि तथा चुहावट नियन्त्रण सम्बन्धी गोष्ठी-२०८१ मोरङको विराटनगरमा सम्पन्न भएको छ । नेपाल सरकार गृह मन्त्रालय र अर्थ मन्त्रालयद्वारा संयुक्त रूपमा उक्त गोष्ठी आयोजना गरिएको हो । उक्त अवसरमा गृहमन्त्री लामिछानेले राजस्व वृद्धि भएमा राज्य बलियो हुने उल्लेख गर्दै राजस्व अभिवृद्धि तथा चुहावट नियन्त्रणका लागि सवै सरोकारवाला निकायले समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने बताए । राजस्व चुहावट लगायतका समस्या समाधान गर्न संयुक्त रूपमा अगाडि बढ्नु पर्नेमा उनले जोड दिए । गोष्ठीमा गृह सचिव एकनारायण अर्याल र राजस्व सचिव डा. राम प्रसाद घिमिरेले गोष्ठीको महत्वबारेमा आ-आफ्नो मन्तव्य व्यक्त गर्दै सीमा नाकामा आधूनिक प्रविधिको प्रयोगलाई प्रभावकारी कार्यान्वयन गरिने बताए । गोष्ठीमा गृह मन्त्रालयका सहसचिव नारायण प्रसाद भट्टराईले स्वागत मन्तव्य व्यक्त गर्दै गोष्ठीको उद्देश्यमाथि प्रकाश पारेका थिए । उक्त अवसरमा भन्सार विभाग, आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान कार्यालय, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक, कोशी प्रदेश प्रहरी कार्यालयका प्रमुख र कोशी प्रदेश सशस्त्र प्रहरी बल नेपालका प्रमुख तथा प्रतिनिधिहरूले आ-आफ्नो कार्यालयको तर्फबाट प्रस्तुतीकरण गर्नुभएको थियो । गोष्ठीमा कोशी प्रदेश केन्द्रित राजस्व अभिवृद्धि तथा चुहावट सम्बन्धी छलफल तथा अन्तरक्रिया समेत भएको थियो । गृह सचिव एकनारायण अर्यालको अध्यक्षता आजै बिहान शुरू भएको उक्त गोष्ठीमा कोशी प्रदेशका प्रमुख सचिव केदारनाथ शर्मा, प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर, सशस्र प्रहरी महानिरीक्षक राजु अर्याल, मुख्य अनुसन्धान निर्देशक हुतराज थापा, कोशी प्रदेश अन्तर्गतका सीमावर्ती जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू तथा सुरक्षा निकायका प्रमुखहरू, भन्सार कार्यालय तथा आन्तरिक राजस्व कार्यालयका प्रमुखहरू एवम् पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

### बहिनीको हत्या गरेको अभियोगमा पक्राउ

रौतहट । आफ्नै बहिनी २० वर्षीया तेतरी कुमारी रामको हत्या गरेको अभियोगमा उनकै दाई परोहा नगरपालिका-८ नरकटिया टोल बस्ने २२ वर्षीय दीपन्द्र कुमार रामलाई प्रहरीले पक्राउ गरेको छ । दीपन्द्र कुमारले घरायसी विवादको कारण रिस आवेगमा आई बाँसको मुङ्ग्रोले प्रहार गर्दा गम्भीर घाइते भएकी तेतरीको वीरगंजस्थित नारायणी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको थियो । उनी उपर ज्यान सम्बन्धी कसूर (कर्तव्य ज्यान) मुद्दामा जिल्ला अदालत रौतहटबाट म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### भरूवा बन्दुक, शिशाको गोली र छर्रा बरामद

कैलाली । गोदावरी नगरपालिका-४ सेती सामुदायिक वनबाट भरूवा बन्दुक १ थान, शिशाको गोली १८ ओटा, छर्रा १५ ओटा र सानो १ डिब्बा बारूद समेत सोमबार दिउँसो प्रहरीले बरामद गरेको छ । अस्थायी प्रहरी पोस्ट गोदावरीबाट खटिएको प्रहरीले सालको रूखको प्वालभित्र वेवारिसे अवस्थामा रहेको उक्त हतियार फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### माइक्रोबसको ठक्करबाट बालिकाको मृत्यु

रूपन्देही । तिलोत्तमा नगरपालिका-२ शंकरनगरस्थित सडकमा शंकरनगरबाट बनबाटिकातर्फ जाँदै गरेको लु.१ ख ४५६६ नम्बरको माइक्रोबसको ठक्करबाट सोही नगरपालिका-२ बस्ने बेली घर्तीकी छोरी ५ वर्षीया रेखा घर्तीको सोमबार दिउँसो मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएकी उनको क्रिमसन अस्पताल मणिग्राममा उपचारको क्रममा मृत्यु भएको हो । प्रहरीले माइक्रोबस चालकलाई नियन्त्रणमा लिई दुर्घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

# भारतीय दूतावासद्वारा पोखरामा अन्तर्राष्ट्रिय योग दिवस उत्सव आयोजना



पोखरा । अन्तर्राष्ट्रिय योग दिवसको १० औं संस्करण मनाउन भारतीय राजदूतावासले पोखरास्थित फेवा तालको किनारामा योग प्रदर्शन सम्पन्न गरिएको छ ।

स्वास्थ्य र कल्याणका लागि योगको प्राचीन अभ्यासलाई प्रवर्द्धन गर्न हेतु उक्त कार्यक्रममा स्थानीय प्रशासनका अधिकारी, विभिन्न स्थानीय योग संस्थाका सदस्य, भारतीय सेनाका अवकाशप्राप्त गोर्खा सैनिक, पोखरास्थित दूतावासको पेन्सन भुक्तानी कार्यालयका कर्मचारी सदस्य लगायत स्थानीय समुदायको उत्साहजनक सहभागीता रहेको थियो ।

विभिन्न आसन, प्राणायाम (श्वासप्रश्वास व्यायाम) र ध्यान विधिहरु प्रस्तुत गरिएको सो कार्यक्रम अनुभवी प्रशिक्षकको नेतृत्वमा योग सत्रको श्रृङ्खलासँगै बिहान सबेरैबाट सुरु भएको थियो । शारीरिक र मानसिक स्वास्थ्यका लागि योगको समग्र दृष्टिकोणमाथि जोड दिदै सहभागीहरुलाई प्रत्येक अभ्यासको शारीरिक र मानसिक फाइदाहरुबारे जानकारी दिइएको थियो ।

भारतीय राजदूतावासले पोखरा विश्वविद्यालयसँगको सहकार्यमा आयुर्वेदिक अभ्यासकर्तासँग मिलेर योग प्रदर्शन र स्वास्थ्य परामर्शको पनि आयोजना गरेको थियो । उक्त कार्यक्रममा पोखरा विश्वविद्यालयका उप-कुलपति प्रोफेसर प्रेमनारायण अर्यालले प्रमुख अतिथिको रुपमा सहभागीता जनाएका थिए ।

उनले कार्यक्रमको आयोजना गरेकोमा भारतीय राजदूतावासलाई धन्यवाद दिदै विचारशील र स्वस्थ जीवन जीउन योगका फाइदाहरु खोज्न कार्यक्रममा सहभागी विद्यार्थीहरुलाई प्रोत्साहित गरेका थिए ।

प्रख्यात योग प्रशिक्षकहरुले योगका फाइदा र दैनिक जीवनमा विशेष गरी युवाहरुका लागि यसको व्यावहारिक उपयोगिताबारे व्याख्यान दिए ।

आयुर्वेद र योगलाई दैनिक जीवनमा समावेश गर्ने बारे बहुमूल्य जानकारी र सल्लाह दिएका प्रख्यात आयुर्वेद विज्ञका परामर्शबाट पोखरा विश्वविद्यालयका विद्यार्थी तथा सङ्काय पनि लाभान्वित भएका थिए ।

## उपाध्यायलाई भारतमा सम्मान

काठमाडौं । विश्व कीर्तिमानी डा.डीआर उपाध्यायलाई भारतको इन्दोरमा सम्मान गरिएको छ । इन्दोरमा बलिउडका कलाकार सहभागी एक विशेष समारोहमा डा.उपाध्यायलाई सम्मान अर्पण गरिएको हो ।

सो अवसरमा सञ्जय विनायक जोशी, सैतुन सिंह पाल, प्रतिमा बागरी, डा.विके बजाज, डा.जशवीर सिंह, बलिउड अभिनेता विन्दु दारा सिंह, रञ्जितलगायत व्यक्तित्वहरूको उपस्थिति थियो । डा.उपाध्यायलाई १५३ विश्व कीर्तिमान कायम गर्नुभएकोमा विशेष सम्मान अर्पण गरिएको थियो । डा.उपाध्यायले विभिन्न विधामा १५३ विश्व कीर्तिमान कायम गर्नुभएको छ । यस्तै, उहाँका एक दर्जन बढी उपन्यास, तीन गीति पुस्तक र ३६ एल्बम सार्वजनिक भएका छन् । दुई सय पचासको हाराहारीमा गीत सार्वजनिक गर्नुभएका उपाध्यायका सयौं गीतका भिडियो पनि सार्वजनिक छन् ।

# पोखराका तीन प्रख्यात स्थलमा योग प्रदर्शन




पोखरा । अन्तर्राष्ट्रिय योग दिवस २०२४ को पूर्वसन्ध्यामा नेपालस्थित भारतीय राजदूतावासले पोखराका तीन प्रख्यात स्थलमा योग प्रदर्शनको आयोजना गरेको छ ।

सहभागीहरुले अन्नपूर्ण हिम श्रृङ्खलाको मनोरम दृश्य अवलोकन गर्दै रमणीय सराङ्कोट भ्यू पोइन्टमा सूर्योदय योग गरेसँगै कार्यक्रमको सुरुवात भएको थियो ।

यसपछि पोखरा नजिकैको पुम्दीकोटस्थित श्रद्धेय शिव मन्दिरमा योग प्रदर्शन गरिएको थियो । यस कार्यक्रमका लागि एक अत्यन्तै राम्रो पृष्ठभूमि प्रदान गरेको पुम्दीकोटस्थित शिव मन्दिर शान्त वातावरण र भव्य दृश्यका लागि परिचित छ । योग अभ्यासका समग्र अनुभवलाई वृद्धि गर्दै सहभागीहरु प्रकृति र आध्यात्मिकतासँग जोडिन सफल भएका थिए ।

भारतीय राजदूतावासले पोखरा नजिकैको रमणीय अनदु डाँडामा अवस्थित नेपालको पहिलो विश्व शान्ति प्यागोडा शान्ति स्तुपमा विशेष योग प्रदर्शनको पनि आयोजना गरेको हो ।

यस वर्षको “स्वयम् र समाजका लागि योग” भन्ने नाराका साथ यस प्राचीन अभ्यासका फाइदाहरु बटुल्न कार्यक्रममा सरकारी अधिकारी, स्थानीय बासिन्दा र योगमा अभिरुचि राख्ने लगायत विभिन्न क्षेत्रका मानिसहरुको सहभागीता रहेको थियो ।


## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरू

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्यास

तौल पूर्ण, सुरक्षा सम्पूर्ण

- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुन: प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्

मेट्रो काठमाडौं ग्यास इण्डष्ट्रिज लिमिटेड
जुंगे खोला, धादिङ
सम्पर्क कार्यालय कालिमाटी, काठमाडौं
फोन: ४२८६८१६, सनराईज बैंक रहेको भवनको माथिल्लो तल्ला
ईमेल: metro@stcnepal.com




साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं